म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३०० बुधबार, २८ जेठ २०८२ ने. सं. ११४५ तछलाथ्व 11 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चार्जिङ स्टेशन निर्माण गर्न खोज्दा स्थानीयबाट अवरोध

हेटौंडा, २७ जेठ/हेटौंडा उपमहानगरपालिका-९ का दामोदर अधिकारीले चार्जिङ स्टेशन निर्माण गर्न खोज्दा स्थानीयले अवरोध गरेको बताएका छन् । आवश्यक कानूनीरुपमा सबै प्रक्रिया पूरा गरेर व्यवसाय सञ्चालन गर्नलाग्दा स्थानीयले हैरानी दिएको मंगलबार पत्रकार सम्मेलन गर्दै गुनासो गरेका छन् । १० वर्ष जापानमा बसेर नेपाल फर्किएका अधिकारीले नेपालमै व्यवसाय गर्ने लक्ष्यका साथ चार्जिङ स्टेशन सञ्चालन गर्न लागेका थिए । आवश्यक सबै कानूनी प्रक्रिया पूरा गरे पनि स्थानीयले विद्युत् लाइन विस्तार र टान्सफर्मर जडानमा अवरोध पुऱ्याएको अधिकारीले बताए । चार्जिङ स्टेशन सञ्चालनमा आए बस्ती जोखिममा पर्ने भन्दै स्थानीयले पोल गाड्न गएका कर्मचारीलाई रोकेका थिए । स्थानीयले वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका छन् भने थप ट्रान्समिटर विस्तार गर्न अनुमति दिएको भन्दै नेपाल विद्युत् प्राधिकरणविरुद्ध अख्तियारमा उजुरी दर्ता गरेको अधिकारीले बताएका छन् ।

### सत्तापक्ष र प्रतिपक्षबीच तीव्र मतभेद

# बागमतीका सांसदलाई पाँच करोडको योजना दिने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत प्रदेश सांसदहरुलाई पाँच करोड रुपैयाँसम्मको योजना बाँडफाँट गर्न सक्ने व्यवस्था गर्न लागेको खुलासा भएको छ ।

यस योजनाअन्तर्गत प्रत्यक्ष निर्वाचित सांसदलाई पाँच करोड र समानुपातिक सांसदलाई दुई करोड रुपैयाँसम्मका योजना उपलब्ध गराइने तयारी छ । केही वर्षअघिसम्म 'सांसद विकास कोष' नामबाट बजेट दिँदै आएको बजेटलाई अख्तियार र सर्वोच्च अदालतबाट रोक लगाएसँगै सांसदहरुलाई चोर बाटोबाट बजेट दिने तयारी थालिएको हो । संसद् विकास कोषको आलोचना बढेपछि यो बजेट काटिएको थियो । यसअघि प्रदेश सरकारले 'निर्वाचन क्षेत्र पूर्वाधार विकास' कार्यक्रममार्फत् बजेट वितरण गर्दै आएको थियो ।

आलोचनाको घेरामा परेको सांसद विकास कोष औपचारिक रुपमा हटाए पनि सरकारले सोहीस्वरुपमा नयाँ ढंगले बजेट वितरण गर्न लागेको हो । अब 'निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम' अन्तर्गत सांसदहरुका सिफारिसका आधारमा कार्यक्रम तय गरी बजेट विनियोजन गरिनेछ । आगामी आर्थिक वर्षका लागि बागमती प्रदेश सरकारले प्रत्यक्ष निर्वाचित सांसदलाई पाँच करोड र समानुपातिक सांसदलाई दुई करोडबराबरको बजेट उपलब्ध गराउने भएको हो । बजेटमाथिको विवाद हल गर्न र बजेट पारित गर्ने



प्रक्रिया सहज बनाउन सांसदहरुलाई बजेट बाँड्ने कार्यक्रम अघि बढाइएको हो ।

सरकारले सांसदहरुबाट कार्यक्रम मागेर बजेटमा समावेश गर्ने गरी अघि बढेको हो । सोहीअनुसार केही दिन अघिबाट संसद् सचिवालयस्थित संसदीय दलका कार्यालयमा सांसदको योजना छनोट र मन्त्रालय पठाउने कार्य तीव्र भइरहेको छ । सांसदको सिफारिस अनुसार सरकारले बजेट कार्यक्रममा प्रविष्ट गर्ने काम गरिरहेको छ । योजनाअनुसार सांसदले सिफारिस गर्न पाउने योजनामा सडक निर्माण, खानेपानी, ऊर्जा, विद्यालय भवन, स्वास्थ्यसेवा, पर्यटन प्रवर्द्धन, कृषि सम्बन्धी पूर्वाधार तथा शैक्षिक र सामुदायिक भवनजस्ता साना परियोजना पर्नेछन् । यी योजना सम्बद्ध मन्त्रालयमार्फत् कार्यान्वयन हुनेछन् ।

सांसदहरुको सिफारिस अनुसार योजना छनोट गरिने र योजनालाई कार्यान्वयन गर्ने निकाय सम्बन्धित मन्त्रालय हुने जनाइएको छ । योजनाको छनोटको अधिकार सांसदहरुलाई दिइँदा कार्यान्वयन पक्षमा सरकारकै अनुगमन कायम गरिनेछ । सांसदको प्रतिबद्धतालाई व्यवस्थापन गर्न र विकास आयोजनाका कार्यक्रम समेट्न ५ र २ करोड रुपैयाँ उपलब्ध गराउने गरी सरकार अघि बढेको हो । सांसदको सिफारिसमा योजना बाँड्ने व्यवस्थालाई लिएर सत्तापक्ष र प्रतिपक्षबीच चर्को मतभेद सुरु भएको छ । सत्तापक्षले यसलाई 'स्थानीय आवश्यकताको सम्बोधनका लागि सांसदको भूमिका सुनिश्चित गर्ने कदम' भनेको छ भने विपक्षी दलले यसलाई बजेटको दुरुपयोग गर्ने मार्ग भएको आरोप लगाएका छन् ।

प्रतिपक्षका सांसदलाई भने दुईचरणमा बजेट दिने योजना बनाएको छ । पहिलोचरणमा प्रत्यक्ष सांसदलाई तीन करोड र समानुपातिकलाई एक करोड दिने र दोस्रोचरणमा क्रमश: दुई र एक करोड थप्ने तयारी भएको प्रतिपक्षी सांसदहरुले आरोप लगाएका छन् । यस विभेदप्रति प्रतिपक्षी सांसदले असन्तुष्टि व्यक्त गर्न थालेका छन् । उनीहरुले सरकार बजेटलाई शक्ति सन्तुलनको माध्यम बनाउँदै विपक्षी सांसदलाई कमजोर बनाउने प्रयास गरिरहेको आरोप लगाएका छन् , प्रतिपक्ष दलका एक सांसदका अनुसार सरकारले प्रतिपक्षलाई दुईचरणमा बजेट दिने गरी कार्यक्रम पेस गर्न भनिएको छ ।

'पहिलोचरणमा प्रत्यक्ष तर्फका सांसदलाई तीन करोड र समानुपातिकतर्फका सांसदलाई एक करोड रुपैयाँको दरले कार्यक्रम उपलब्ध गराउने निर्देशन दिइएको छ,' उनले भने, 'सोहीअनुसार हामीले कार्यक्रम पेस गरेका छौँ ।' उनका अनुसार दोस्रोचरणमा पुन: प्रत्यक्षतर्फको दुई करोड र समानुपातिक तर्फका सांसदका लागि एक करोड रुपैयाँका आयोजना माग गरेर बजेट दिइनेछ ।

११० सदस्यीय प्रदेश सभामा सत्तारुढ दलका प्रत्यक्ष र समानुपातिकतर्फका ६४ सांसद छन् । जसमा सरकारको नेतृत्व गरिरहेको कांग्रेसका ३७ र एमालेका २७ सांसद छन् । प्रतिपक्षातर्फ माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ सांसद रहेका छन् । बागमती प्रदेश सरकारले असार १ गते प्रदेशसभा बजेट प्रस्तुत गर्ने तयारी गरेको छ ।

## गढीमा मौरीपालन सम्बन्धी एकहप्ते तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ मकवानपुरको मकवानपुरगढी गाउँपालिका-८, बुढीचौरका गृहिणी महिला मौरीपालनसम्बन्धी एकहप्ते तालिममा सहभागी भएका छन् ।

गृहिणी महिला सशक्तिकरण परियोजनाअन्तर्गत नव चेतनशील समाज नेपालले आयोजना गरेको तालिम मकवानपुरगढी गाउँपालिका र बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको साझेदारीमा सञ्चालन भइरहेको हो । तालिमको उद्घाटन गाउँपालिका अध्यक्ष दोर्जे लामाले गरे । उद्घाटनमा अध्यक्ष स्याङ्तानले गृहिणी महिलालाई उद्यमशील बनाउन तालिमले महत्वपूर्ण भूमिका खेल्ने बताए । 'सीप सिकेर उद्यमशील बन्ने विषय चानचुने होइन,' उनले भने, 'आफ्नै गाउँमा आएको यो अवसरलाई उपयोग गर्दै आम्दानी बढाउन लागिपर्नुहोस् ।'

पालिका उपाध्यक्ष मानकुमारी नेपाली पाख्रिनले तालिम मार्फत महिलालाई स्वरोजगार बनाउने अभियानमा पालिका लागिपरेको जानकारी दिइन् । 'ब्युटिसियन, ब्याग, गलैंचा बुन्नेजस्ता तालिममार्फत् पनि हामी गृहिणीलाई आत्मनिर्भर बनाउने काम गरिरहेका छौं,' उनले भनिन् । तालिमको प्रभावकारिता बारेमा वडा नं. ६ का वडाध्यक्ष कृष्णप्रसाद बजगाईं, वडा नं. ८ का अध्यक्ष कुमारसिं घिसिङ र वडासदस्य गोकुल देवकोटाले धारणा राख्दै महिलालाई व्यावसायिक मौरीपालनमा अघि बढ्न प्रेरित गरे ।

# मनसुन फर्केपछि गर्मी बढ्यो, तराइका विद्यालय बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ अत्यधिक गर्मी बढ्दै गएपछि पठनपाठनमा समस्या आएको जनाउँदै तराईमा विभिन्न पालिकाले विद्यालय बन्द गर्ने निर्णय गरेका छन् । गर्मीका कारण विद्यार्थी बेहोस हुने, निदाउने, बिरामी हुने समस्या देखिन थालेपछि विद्यालय बन्द गरिएका हुन् ।

चितवनको भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, कञ्चनपुरको बेलौरी नगरपालिका, बाराको कलैया उपमहानगरपालिका, कपिलवस्तुका बाणगंगा र बुद्धभूमि नगरपालिकाले विद्यालय बन्द गर्ने निर्णय गरेका हुन् ।

भरतपुर महानगरपालिका, बिराटनगर महानगरपालिका, कलैया उपमहानगरपालिका, कमलामाई नगरपालिकाले ३ दिन, बुद्धभूमि र बाणगंगा नगरपालिकाले चारदिन मंगलबारदेखि शुक्रबारसम्म र कपिलवस्तु नगरपालिकाले तीनदिन बुधबारदेखि शुक्रबारसम्म बिदा दिएका छन् । त्यसैगरी बेलौरी नगर पालिकाले दुईदिनका लागि वर्षे विदाबाट मिलान हुनेगरी विद्यालय विदा गरेको छ ।

नेपालमा सरदर मिति भन्दा १५ दिनअघि अर्थात जेठ १५ गते मनसुन कोशी प्रदेशबाट भित्रिएको थियो । तर, मनसुन कोशी प्रदेशबाटै पूर्वीएसिया फर्किएको




मौसमबिद्हरुले बताएका छन् । पूर्वीएसिया क्षेत्रमा बलियो न्यूनचापीय क्षेत्र बनेकाले मनसुनी वायु नेपालको कोशीबाट बाहिरिएको मौसमविद् बताउँछन् । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार मनसुन पूर्वी एसिया क्षेत्र मुख्यगरी फिलिपिन्सतिर सोहोरिएर गएकाले कोशीबाट अन्यत्र फैलिन पाएन, अझै केहीदिन नेपालमा मनसुन फैलिने सम्भावना देखिएको छैन ।


पश्चिम तथा मध्यक्षेत्रमा स्थानीय र पश्चिमी वायु सक्रिय छ । मौसमविद्का अनुसार पश्चिमी वायु अझै बलियो रहेकाले मनसुन आउन नपाएको हो । नेपालमा बंगालको खाडीको जलवाष्प बोकेर मनसुनी वायु आउने गर्छ । तर, त्यो कमजोर भएकोले हाल देशभर तापक्रम वृद्धि भइरहेको छ । मौसमविद्का अनुसार यसरी मनसुन 'ब्रेक' हुनु राम्रो संकेत होइन । यसले कतै धेरै वर्षा गराउने र कतै खडेरी पार्ने हुनसक्छ । भारतको मध्यभूभागमा पनि न्यूनचापीय क्षेत्र बन्दै गएको छ जसको असर नेपालमा आइपुग्ने सम्भावना पनि रहेको बताइएको छ ।

यसवर्ष जल तथा मौसम विज्ञान विभागले धेरै वर्षा हुने र गर्मी पनि बढी हुने आँकलन सार्वजनिक गरिसकेको छ । जसअनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद प्रतिकार्य योजना लागू गरिसकेको छ । प्राधिकरणका प्रवक्ता रामबहादु केसीले करिब २० लाख मानिस प्रभावित हुने र त्यसको १० प्रतिशतलाई राहत तथा उद्दार गर्नुपर्ने अवस्था आउनसक्ने अनुमानसहित तयारी गरिरहेको बताएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

हाम्रो कुरा

# सांसदका योजनामा बजेट

बागमती प्रदेश सरकारको बजेट निर्माणको तयारी अन्तिम चरणमा पुगेको समयमा सांसदको पकेटका योजनामा बजेट बिनियोजन गर्ने तयारी गरिरहेको छ । प्रदेशका १४ वटै मन्त्रालय बजेट निर्माणको चटारोमा व्यस्त छन् । आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेट सिलिङको आधारमा हरेक मन्त्रालयले आफ्ना प्राथमिकता, आवश्यकता, र उपलब्ध स्रोतका आधारमा बजेटको संरचना तयार गरि रहेका छन् । मन्त्रालयका कर्मचारी बिहान सबेरैदेखि राति अबेरसम्म कार्यालयमा बसेर कार्य गर्दै आएका छन् । धेरै कर्मचारीले काम नसकिएसम्म बिहान-साँझ नभनी कार्यालयमा समय दिइरहेको बताइएको छ । मन्त्रालयहरुमा बजेट तयारीको संवेदनशीलता र व्यस्तता मध्यनजर गर्दै हाल सर्वसाधारणलाई योजना बुझाउने वा माग राख्ने कार्यमा प्रतिबन्ध लगाइएको छ । मन्त्रालयका मूल प्रवेशद्वारमै सूचना टाँसेर यो जानकारी दिइएको छ । प्रदेशका सांसद, मन्त्रीहरु, र प्रभावशाली नेताले मुख्यरुपमा सडक, खानेपानी, भवन निर्माणजस्ता पूर्वाधार परियोजनामा बजेट केन्द्रित गरिदिन माग गरि रहेका छन् । प्रदेश सरकारले विपक्षी दललाई फकाउन सांसदका योजनामा बजेट थप्दैछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सम्बन्धित मन्त्रालयलाई सांसदका योजनामा बजेट थप्न यसअघि नै पत्राचार गरिसकेको छ ।

सम्बन्धित मन्त्रालयले योजनाको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाएका छन् । चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमा तत्कालीन सरकारले प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई २ करोड सिलिङ तोकेको थियो । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र, राप्रपा र नेकपा (एकीकृत समाजवादी)ले सरकारसँग गरेको पूर्वसहमतिअनुसार बजेट थपहुने भएको हो । योजनामा बजेट थप नगरे आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटमा विपक्षी दलले समस्या ल्याउने सक्ने संकेतले सरकार लचिलो बनेको हो । आर्थिक वर्ष सकिन लाग्दा पनि विपक्षी दलले बजेट थप्नुपर्ने अडान लिएपछि सरकार लचिलो बनेको हो । योजनामा १०/२० लाख बजेट नपुगेर अधुरो हुने अवस्थाका योजनामा रकम थपिने छ । टेण्डर निकाल्नुपर्ने खालका ठूलो बजेट होइन । थोरै बजेटले अधुरा काम पूरा हुन्छन् भने थपिदिने भनिएको बताइएको छ । ५० लाख नै दिए पनि एक महिनामा के काम हुन्छ भन्ने पनि सरकारलाई थाहा छ । त्यसैले थोरै बजेट दिने भनिएको बताइएको छ । भौतिकसँग सम्बन्धित ३ सय ८८ वटा योजनामा बजेट थप्न पठाइएको हो । बजेट आएपनि छोटो समयमा काम हुन्छ कि हुँदैन त्यो थाहा छैन । प्रदेशसभा सदस्यले कार्यकर्ता फकाउनका लागि बर्खा लाग्न थालेपछि बजेट सकाउने तयारीमा सरकार लागेको छ । यसैगरी संस्कृति तथा पर्यटन मन्त्रालयले चालु योजनामा अपुग बजेट भनेर ४ करोड थप गर्न पठाइएको जानकारी दिएको छ । पर्यटनले सवा ३ सय योजनामा बजेट थपका लागि पठाएको आर्थिक मामिला मन्त्रालयले जनाएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट थपका लागि मन्त्रालयहरुबाट योजनाको विवरण आएको बताएको छ । थप बजेट अर्थ विविध शीर्षकबाट दिन सकिने मन्त्रालयको भनाइ छ ।

मुख्यमन्त्री बहादुरसिंह लामाले २०८१ असोज ६ गते विपक्षी दलको मागअनुसार सांसदहरुको योजनामा बजेट थपगर्ने सहमति गरेका थिए । लामाले बोलाएको सर्वदलीय बैठकले कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारको संयोजकत्वमा योजना पेश गर्नका लागि अध्ययन कार्यदल गठन गरिएको थियो । सरकारले प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई १ करोड सिलिङ तोकेकोमा बजेट अपुग भएको भन्दै माओवादी, राप्रपा र एकीकृत समाजवादीले प्रदेशसभा सञ्चालन हुन नदिने चेतावनी दिँदै आएका थिए । ११० सदस्यीय प्रदेशसभामा सत्तारुढ दलका प्रत्यक्ष र समानुपातिकतर्फका ६४ सांसद छन् । जसमा सरकारको नेतृत्व गरिरहेको कांग्रेसका ३७ र एमालेका २७ सांसद छन् । प्रतिपक्षतर्फ माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ सांसद रहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ जेठ २९ गते बिहीबार १२ जुन २०२५ । प्रतिपदा, असाढ कृष्णपक्ष । तछलागा ११४५ ने.सं. । सूर्योदय ५:९, सूर्यास्त ६:५८ । बालश्रमविरुद्धको दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्रा हुनेछ | तुला | : धार्मिक आस्था बढ्नेछ |
| वृष | : धन कमाउने योग परेको छ | वृश्चिक | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ |
| मिथुन | : पश्चात्ताप लाग्नेछ | धनु | : अधिक परिश्रम गर्नु पर्नेछ |
| कर्कट | : शारीरिक आलस्यता बढ्नेछ | मकर | : मेहनतको फल पाइनेछ |
| सिंह | : सकारात्मक सोचाइ रहनेछ | कुम्भ | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कन्या | : दया मायाका कार्य हुनेछन् | मीन | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# सहकारी नियमन प्राधिकरणमा कस्तो नेतृत्व ?



रूप खड्का

नेपालमा कायम भएका करिब ३२ हजार सहकारीमध्ये आधा जति बचत तथा ऋण सहकारी भएको अनुमान छ । तीमध्ये गलत नियत बोकेका केही सञ्चालकले सहकारीका मूल्य-मान्यता तथा सिद्धान्त कुल्चँदै सहकारीको चरम दुरुपयोग गरेका घटनाहरू उजागर भइरहेका छन् । सर्वसाधारणले पेट काटेर सहकारीमा जम्मा गरेको ठूलो रकम त्यस्ता सहकारी लुटेराहरूले अपचलन गरेका छन् । उनीहरूको खराब कृत्यका कारण लाखौं सर्वसाधारण बचतकर्ता बिचल्लीमा परेका छन् । यसको असर प्रत्यक्ष रूपमा बचतकर्तामा मात्र परेको छैन, अर्थतन्त्रमा मन्दी देखा पर्नु र नेपाल सम्पत्ति शुद्धीकरण सम्बन्धी सघन निगरानीको सूची (ग्रे लिष्ट) मा पर्नुमा पनि सहकारी समस्या जिम्मेवार भएको अनुमान छ । सहकारीमा बढ्दै गएको बेथितिले गर्दा यसप्रति सर्वसाधारणको विश्वास पनि घट्दै गएको छ । सहकारीको नियमन गर्ने जिम्मेवार भूमिसुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र अन्तर्गतका कार्यालय, नेपाल राष्ट्र बैंक, सहकारी संघ तथा राष्ट्रिय सहकारी महासंघ आफ्नो दायित्व निर्वाह गर्न चुकेका छन् । यसले गर्दा पनि सहकारीमा खराब नियत बोक्ने सञ्चालकहरूको ठगी मौलाएको हो ।

**प्राधिकरणको आवश्यकता र समीक्षा**

सहकारीमा देखा परेका समस्याहरू समाधान गर्न प्रभावकारी नियामक व्यवस्थाको आवश्यकता लामो समयदेखि औंल्याइँदै आएको थियो । यस सन्दर्भमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गर्ने कानूनी व्यवस्था गरिएको छ । हाल यस प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य नियुक्तिका लागि दरखास्त आह्वान गरिएको छ । सही अर्थमा सञ्चालन भए भने सहकारीहरूले आफ्ना सदस्यको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । यस्तै, नेपालको दिगो विकासमा महत्वपूर्ण भूमिका निभाउन सक्छन् । यसर्थ, यस क्षेत्रको प्रभावकारी नियमन, विकास र विस्तार गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरण अपरिहार्य छ ।

तर, विस्तृत गृहकार्य र सरोकारवालाहरूसँग सार्वजनिक परामर्श विनै अध्यादेशद्वारा व्यवस्था गरिएको अध्यक्ष र चार सदस्य भएको प्राधिकरणको संगठन, अध्यक्ष तथा विज्ञ सदस्यको लागि तोकिएको योग्यता, नियुक्ति प्रक्रिया, कर्मचारी व्यवस्था र यसको काम, कर्तव्य र अधिकारलाई केलाउँदा त्यति हौसिने ठाउँ छैन । प्राधिकरणले सहकारी क्षेत्रका चुनौती चिर्दै सहकारी आन्दोलनलाई माथिल्लो स्तरमा पुऱ्याउन सक्ने वा नसक्ने कुरा धेरै हदसम्म अब नियुक्त हुन लागेको अध्यक्ष तथा विज्ञ सदस्यहरूको चयनमा पनि निर्भर हुनेछ ।

प्राधिकरणका चार जना सदस्यमध्ये एक जना भूमिसुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहकारी क्षेत्र हेर्ने सहसचिव र अर्को नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशक पदेन सदस्य रहने व्यवस्था छ । यसरी ५० प्रतिशत सदस्य पदेन सदस्यहरू भएको प्राधिकरण कति स्वतन्त्र हुन सक्ला भनेर प्रश्न गर्न सकिने ठाउँ त छँदैछ, आफू कार्यरत अड्डाकै कार्यमा व्यस्त रहनुपर्ने पदेन सदस्यहरू प्राधिकरणको काममा कति संलग्न हुन सक्लान् ? यो गम्भीर सवाल छ । अर्कोतर्फ प्राधिकरणको चार्टर्ड एकाउन्टेन्ट सदस्यको नियुक्ति नेपाल सरकारले गर्ने भनिएको छ । यस्ता विषयविज्ञहरूको नियुक्ति सीधै सरकारले नगरी विज्ञहरू रहेको सिफारिस समितिबाट अघि बढाउनुपर्ने थियो । सीधै सरकारले नियुक्ति गर्दा मेरिटोक्रेसीको सट्टा राजनीतिक प्रभाव तथा नातागोता, झोले, बिचौलिया र विवादित व्यक्ति पर्न सक्ने सम्भावना रहन्छ ।

**प्राधिकरणलाई दिइएको महत्व**

सहकारीलाई नियमन गर्ने संस्थालाई अन्तर्राष्ट्रिय जगतमा उच्च स्थान दिइएको पाइन्छ । उदाहरणका लागि अमेरिकामा संघीयस्तरका क्रेडिट युनियन (वित्तीय सहकारी) को नियमन र सुपरीवेक्षण गर्ने राष्ट्रिय क्रेडिट युनियन प्रशासनलाई मार्गदर्शन गर्न तीन सदस्यीय सञ्चालक समितिको व्यवस्था छ । त्यसको अध्यक्ष तथा सदस्यहरू राष्ट्रपतिद्वारा नियुक्त र सिनेटबाट अनुमोदित हुन्छन् । यसैगरी लाइबेरियामा सहकारीको नियमन गर्न गठित सहकारी विकास एजेन्सीका रजिष्ट्रार र तीन उपरजिष्ट्रारको नियुक्ति लाइबेरियाका राष्ट्रपतिद्वारा हुन्छ । नेपालमा प्राधिकरणको अध्यक्षका लागि शुरूमा 'कम्तीमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहमा कार्य गरेको वा अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरका बैंक वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा १५ वर्ष कार्य अनुभव भएको' हुनुपर्ने उल्लेख थियो ।

यसका आधारमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदमा वर्षौंसम्म टिप्पणी उठाएर अवकाश भएको लोसे वा छुट्टु व्यक्ति अध्यक्ष पदमा नियुक्त हुने सम्भावना थियो र त्यस्तो अध्यक्ष भएको प्राधिकरण सहकारी क्षेत्रका चुनौतीलाई चिरेर यस क्षेत्रलाई नयाँ दिशा दिन सक्ने प्रभावशाली तथा गतिशील संस्थाभन्दा पनि नेपालका अन्य प्राधिकरणहरू जस्तै एउटा अर्को निष्क्रिय संस्थाको रूपमा देखा पर्ने थियो । तर, अध्यक्ष पदको नियुक्तिका लागि हालै जारी गरिएको सूचनामा 'नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणी वा सो सरहको पदमा कार्य गरेको वा अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरका बैंक वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा १५ वर्ष कार्य अनुभव भएको' भनेर उल्लेख गरिएकोले प्राधिकरणको अध्यक्षमा केही मात्रामा भए पनि फराकिलो सोच भएको अध्यक्ष नियुक्त हुन्छ कि भन्ने आशा बढेको छ । यसैगरी, अध्यक्षको नियुक्तिका लागि शुरूमा ६५ वर्ष उमेर पूरा नभएको भनेर तोकिएकोमा हाल यसलाई ६० वर्ष गरिएकोले सेवा निवृत्त भई निष्क्रिय जीवन बिताइरहेका व्यक्ति भन्दा योग्य र क्षमतावान व्यक्ति नियुक्त हुने सम्भावना बढेको छ ।

**निषेधको अवस्था कायमै**

तथापि, केही प्रावधानले योग्य, अनुभवी, सक्षम व्यक्तिलाई अध्यक्ष तथा सदस्यको सम्भावित उम्मेदवार हुनबाटै छेक्ने काम पनि गरेको छ । 'कम्तीमा १५ वर्ष कार्य अनुभव भएको' भनेर तोकिएको मापदण्डलाई फराकिलो मान्न सकिँदैन । यस किसिमको व्यवस्थाले सीमित क्षेत्रमा लामो समयसम्म काम गरेका व्यक्तिलाई मात्र बाटो खोल्छ । नेपालभित्र तथा बाहिरका ख्यातिप्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा यस्तै उच्च शिक्षा हासिल गरेका प्राध्यापक, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक, एशियाली विकास बैंक, संयुक्त राष्ट्रसंघ जस्ता संस्थामा उल्लेखनीय योगदान दिएका योग्य र सक्षम नेपाली, मेकेन्जी, बोस्टन परामर्श समूह जस्ता विश्व प्रसिद्ध परामर्श कम्पनीमा महत्वपूर्ण अनुसन्धानात्मक काम गरेका अनुसन्धानकर्ताहरू तथा सक्षम जागरिला युवाहरू प्राधिकरणको अध्यक्ष वा विज्ञ सदस्यको लागि सम्भाव्य उम्मेदवार हुनबाटै वञ्चित भएका छन् ।

यो चिन्ता किन पनि व्यक्त भएको हो भने यस्ता मापदण्डको आड लिएर सक्षम, क्षमतावान व्यक्तिभन्दा आसेपासेलाई महत्वपूर्ण जिम्मेवारी दिइएका प्रशस्त उदाहरण हाम्रासामु छन् । नेपाल धितोपत्र बोर्ड (सेबोन), नेपाल बीमा प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल विद्युत् प्राधिकरण जस्ता नियमनकारी संस्थाहरू हाम्रै बीचमा छन् । बढी स्वायत्त, सक्षम, सबल तथा प्रभावकारी निकायको माध्यमबाट कुनै क्षेत्रको द्रुत विकास गरेर नागरिकलाई गुणस्तरीय र सुलभ सार्वजनिक सेवा उपलब्ध गराउन सरकारी विभागको सट्टा प्राधिकरण गठन गर्ने गरिएको हो । तर, आशातित रूपमा तिनको नेतृत्व चयनमा पारदर्शिता पाइँदैन । जसका कारण, सम्बन्धित क्षेत्रको विकासमा ती प्राधिकरणले महत्वपूर्ण योगदान दिन सकेका छैनन् ।

मेरिटोक्रेसीको आधारमा नेतृत्वको छनोट नगरिंदा नेपालको पूँजीबजारको विकास गर्ने, बीमा व्यवसायलाई फस्टाउने, हवाई क्षेत्रको विकास र सुरक्षाको राम्रो प्रबन्ध गर्ने तथा नेपालको अपार जलस्रोतको विकास गरेर आर्थिक विकासलाई द्रुतता दिने महत्वपूर्ण जिम्मा पाएका प्राधिकरणहरू अनेक विवादमा पर्ने गरेका, असफल बन्ने गरेका छन् । नेपाल राष्ट्र बैंक जस्तो स्वायत्त, महत्वपूर्ण तथा प्रतिष्ठित संस्थाको गभर्नर समेत दलीय आधारमा नियुक्ति गर्ने विवाद छताछुल्ल नै भयो । महिनौं लामो विवादबाट गिजोलिदै नेपाल विद्युत् प्राधिकरण पनि अछुतो रहेन । नेपाल राष्ट्र बैंक ऐन अनुसार 'नेपाल सरकारले बहालवाला गभर्नरको पद रिक्त हुन भन्दा सामान्यतया एक महिना अगावै गभर्नरको पदमा नियुक्त गर्नुपर्ने' व्यवस्था विपरीत २०७६ मा साविकका गभर्नरको कार्यकाल ४ चैत, २०७६ मा समाप्त भए पनि नयाँ गभर्नरको नियुक्ति २४ चैत, २०७६ मा मात्र भएको थियो । यसैगरी २०८१ मा साबिकको गभर्नरको अवधि २३ चैत २०८१ मा समाप्त भएकोमा नयाँ गभर्नरको नियुक्ति ६ जेठ २०८२ मा भएको थियो । यसरी गभर्नर नियुक्तिमा भएको ढिलाइएको चौतर्फी आलोचना भएको थियो ।

मुलुकको विहंगम हितलाई ध्यानमा राखेर मौद्रिक तथा विदेशी विनिमय नीतिहरू तर्जुमा गर्ने, मूल्य स्थिरता कायम राख्ने, दिगो आर्थिक विकासका लागि भुक्तानी सन्तुलन सुदृढ गर्न र सुरक्षित र स्वस्थ भुक्तानी प्रणालीको विकास गर्न, बैंकिङ तथा वित्तीय प्रणालीको स्थिरता र स्वस्थ विकास कायम राख्न उचित रूपमा नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने र देशको सम्पूर्ण बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने जस्तो गहन जिम्मेवारी पाएको संस्थालाई राजनीतिक हिसाबले तटस्थ बनाउनुपर्ने थियो । यस्तो संस्थाको प्रमुखको नियुक्तिलाई संकीर्ण राजनीतिक स्वार्थपूर्तिको लागि गिजोल्याउनु उपयुक्त होइन । केन्द्रीय बैंक राजनीतिक हिसाबले तटस्थ हुनुपर्ने सन्दर्भमा अमेरिकाको फेडरल रिजर्भका प्रमुखको नियुक्ति सम्बन्धी अनुभव यहाँ प्रस्तुत गर्न सान्दर्भिक होला । अमेरिकामा रिपब्लिकन पार्टीको तर्फबाट राष्ट्रपति भएका रोनाल्ड रेगनले एलन ग्रिनस्प्यानलाई सन् १९८७ मा फेडरल रिजर्भको अध्यक्ष नियुक्त गरेका थिए । त्यसपछि उनलाई रिपब्लिकन पार्टीको तर्फबाट राष्ट्रपति भएका जर्ज एच डब्ल्यू बुश र जर्ज डब्लु बुशले मात्र नभई डेमोक्र्याटिक पार्टीको तर्फबाट राष्ट्रपति भएका विल क्लिन्टनले पनि ग्रिनस्प्यानलाई पनि नियुक्त गरेकाले उनले सन् २००६ सम्म चार अवधिको लागि १८ वर्ष फेडरल रिजर्भको अध्यक्षता गरेका थिए ।

यसैगरी, रिपब्लिकन पार्टीको तर्फबाट राष्ट्रपति भएका जर्ज डब्लु बुशले सन् २००६ मा बेन बर्नान्केलाई फेडरल रिजर्भको अध्यक्ष नियुक्त गरेका थिए भने डेमोक्रेटिक पार्टीका तर्फबाट राष्ट्रपति भएका बाराक ओबामाले बर्नान्केलाई सन् २०१० मा अध्यक्षमा पुन: नियुक्त गरेका थिए । यसरी फेडरल रिजर्भको व्यक्ति राजनीतिक आस्थाका आधारमा नभई मेरिटका आधारमा नियुक्ति हुने भएकोले एउटा राजनीतिक दलको तर्फबाट भएका राष्ट्रपतिले नियुक्त गरेको अध्यक्षलाई अर्को राजनीतिक दलबाट भएका राष्ट्रपतिले पनि पुन: नियुक्त गरेका थिए । बेन बर्नान्केले फेडरल रिजर्भको अध्यक्ष भएको समयमा राजनीतिक हिसाबले तटस्थ रहन सन् २००८ को अमेरिकी राष्ट्रपति चुनावमा मतदान समेत गरेनन् ।

यस्ता उदाहरण र हामीले गर्दै आएको अभ्यासबीच भने आकाश जमिनको फरक देखिन्छ । तर, जबसम्म हामीले सार्वजनिक जिम्मेवारी बोकेका महत्वपूर्ण निकायहरूमा हाम्रो छोडी राम्रो नियुक्ति गर्दैनौं र अहिलेसम्म गर्दै आएको अभ्यास बदल्दैनौं, त्यसले आशातित परिणाम दिन सक्दैन । यसमा सरकार सञ्चालनको जिम्मेवारीमा पुग्ने राजनीतिक दल मात्र होइन, विज्ञ र योग्यहरूले पनि आफूलाई तटस्थ बनाइराख्नुपर्नेछ । नेपालको जनसंख्याको झण्डै एकतिहाइ जनसंख्या ओगटेको र नेपालको अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा रहेको सहकारी क्षेत्रमा देखापरेका चुनौती सुल्झाएर यस क्षेत्रको द्रुततर विकास गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष तथा सदस्यको नियुक्ति खुला फदयले 'सही मान्छे सही ठाउँमा' हुनुपर्दछ भन्ने मान्यताका साथ नियुक्त गर्ने असल अभ्यासको प्रयोग गर्नुपर्दछ र यसलाई भविष्यमा अन्य महत्वपूर्ण नियुक्ति गर्ने कार्यमा निरन्तरता दिनुपर्दछ ।

मेरिटोक्रेसीका आधारमा योग्य, अनुभवी, सक्षम, इमानदार, कर्मठ र मुलुक विकासको लागि कटिबद्ध व्यक्तिलाई नियुक्त गर्ने परिपाटी बसाले मात्र पनि नेपालको विकासले तीव्रता लिनेछ । त्यस्ता व्यक्तिहरूको नियुक्तिले जनमानसमा सकारात्मक वातावरण सिर्जना हुने र त्यस्ता व्यक्तिहरूले आ-आफ्नो क्षेत्रमा ठूलो योगदान दिनसक्ने हुँदा त्यस्ता व्यक्ति मुलुकभित्रबाट मात्र नभई विश्व बजारबाट खोजी-खोजी नियुक्त गर्ने अन्तर्राष्ट्रिय असल अभ्यास छ । उदाहरणका लागि १ अर्ब ४४ करोड जनसंख्या भएको भारतको वित्त आयोगमा संकीर्ण राजनीतिक आधारमा नभई विज्ञताको आधारमा १०० जति वित्त शास्त्रका विज्ञहरूमध्येबाट अध्यक्ष तथा सदस्य नियुक्त गर्ने गरिन्छ । नेपालको सार्वजनिक प्रशासनमा योग्य व्यक्तिलाई भित्र्याउन राजा महेन्द्रले डा. भेषबहादुर थापालाई अमेरिकाबाट नेपाल बोलाएका थिए । भारतमा डा. मनमोहन सिंहले विदेशका विश्व प्रसिद्ध संस्थाहरूमा काम गरिरहेका डा. मोन्टेक सिंह अहलुवालिया, डा. रघुराम राजन जस्ता ख्यातिप्राप्त अर्थशास्त्रीलाई भारतमा आमन्त्रण गरेका थिए ।

बेलायतको बैंक अफ इंग्ल्यान्डको गभर्नरमा क्यानेडियन अर्थशास्त्री तथा वर्तमान प्रधानमन्त्री मार्क जोसेफ ओसीलाई नियुक्त गरिएको थियो । बुरुण्डीले आइरिस कर विज्ञ किरन होम्सलाई बुरुण्डी रेभिन्यू अथोरिटीको प्रमुख (कमिश्नर जनरल) मा नियुक्त गरेको थियो । बेलायती नागरिक चार्लि जेन्किन्स लेसोथो र स्वाजिल्याड रेभिन्यू अथोरिटीका प्रमुख (कमिश्नर जनरल) मा नियुक्त भएका थिए । केही महिनाअघि लाइबेरियाका राष्ट्रपतिले अमेरिकी नागरिक डा. लैली मापारियानलाई लाइबेरिया विश्वविद्यालयको प्रेसिडेन्ट (कुलपति) मा मनोनयन गरेका थिए । महत्वपूर्ण पदहरूमा मुलुकभित्र मात्र नभई विश्व बजारबाट समेत सबैभन्दा योग्य, सक्षम र राम्रो विगत भएका व्यक्तिहरूलाई छनोट गरेर नियुक्त गर्ने असल अभ्यास हाम्रो लागि पनि त्यतिकै आवश्यक छ । यसको प्रयोग हामीले राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष र सदस्यको नियुक्तिबाट आरम्भ गर्नुपर्दछ र त्यसलाई अन्य पदपूर्तिका सन्दर्भमा पनि लागू गर्दै जानुपर्दछ । यस किसिमको एउटै कदमबाट नेपालको विकासमा ठूलो टेवा पुग्न सक्ने कुरामा शंका गर्नुपर्ने ठाउँ नभएकोले यस किसिमको अभ्यासलाई अनिवार्य रूपमा लागू गर्दै जानुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# सुरक्षित अवतरणको प्रयासमा नेतात्रय

केशव अधिकारी

सत्तापक्षका केपी ओली, नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड तीनैजना नेता आफूहरू सुरक्षित अवतरणको प्रयासमा लागेका देखिन्छन् । बाहिरी देखावटीरुपमा एकले अर्काको मानमदन गर्न र गिज्याउन खोजेको अभिनय गर्दै गरेका भए तापनि चुरो उद्देश्य भनेको सत्ताको बागडोर नेतात्रयकै कब्जामा हुनुपर्ने हर्कत रहेको देखिन्छ । जसरी फुटबल खेलाडीले गोललाई आफ्नै पक्षको कब्जामा राख्न खोज्छन् त्यसै गरी नेतात्रयकै कब्जामा सत्ताको बागडोर रहेसम्म आफूलाई सुरक्षित रहेको ठान्ने मानसिकतामा रहेका छन् उनीहरु ।

भाषणका क्रममा एउटाले अर्काको सेखी झार्नको लागि यदि म सत्ताको बागडोर सम्हाल्न पुगेँ भने त फलानाको तुलनामा राम्रो शासन चलाउँछु भनेर भाषण गरे पनि नेतात्रयमध्ये कोही पनि सत्तामा पुगेर सुशासन दिन सक्ने अवस्थामा छैनन् । उनीहरुका केवल फोस्रा भाषण मात्र हुन् भन्ने कुरा विगतमा पटक-पटक सत्ताको बागडोर सम्हालेर पनि सिन्को भाँच्न नसक्ने नेताको क्षमताको आँकलन भइसकेको हुनाले यिनका भाषण केवल सत्ता जोगाउने अस्त्रको रुपमा बेलाबेलामा फ्याँक्ने गरेका मात्र हुन् । आफ्नो सुरक्षित अवतरणको बाटोमा आउने बाधा-अड्चनलाई हटाउनको लागि बेलाबेलामा यिनीहरू निर्मम पनि बन्ने गर्छन् । हुन त विगतमा निर्मम बनेरै अरुलाई थिचेर अगाडि बढ्न सकेका कारण हाल नेतृत्व हात पार्न सफल भएका हुनाले यिनका लागि निर्मम बन्नु सामान्य कुरा हुँदो रहेछ भन्ने कुरा आम जनताले भोगेको र अनुभूत गरेको कुरा हो । थिनको शासनलाई शिक्षक आन्दोलनले होस् कि राजावादीहरूको आन्दोलनले प्रभावित बनाउन सकेको छैन ।

त्यति भएर पनि पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टीका अध्यक्ष माधव नेपाललाई भ्रष्टाचारीको आरोपमा मुद्दा दर्ता भएको र उनको सांसदको पदसमेत निलम्बनमा परेको कुराले भने नेतात्रयलाई नराम्ररी झस्काएको छ । यो घटनाले नेतात्रय मात्र होइन कि विगतमा भ्रष्टाचार गरेर राजनीतिको बलियो आड-भरोसामा लुकेका सबैजसोको दिमागलाई नराम्ररी झस्का दिएको छ । त्यति मात्र होइन कि मन्त्री, राज्यमन्त्री आदिसरहका साना माछालाई त पहिले पनि भ्रष्टाचारी प्रमाणित गरेर जेलको छिँडीमा पठाइसकिएको थियो । तर पूर्व वा वर्तमान कुनै पनि प्रधानमन्त्रीलाई भने भ्रष्टाचारीको मुद्दा लगाउन सकिएको थिएन । माधव नेपालमाथि भएको यो कार्यवाहीले अबका प्रधानमन्त्रीले पनि आर्थिक अनियमितताका काम गरेका रहेछन् भने तिनलाई पनि कार्यवाही गर्न सकिने बाटो खुला भएको छ ।

माधव नेपालमाथिको कार्यवाहीले निदहराम भएका नेतात्रयले पनि सामूहिक भेटघाट गरेर आफूहरू कसरी सुरक्षित अवतरणको बाटोमा जान सकिएला भनी अनेक उपायका बारेमा सोचविचार र विमर्श गरिरहेका छन् । उनीहरूमध्ये नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले माधव नेपालमाथि पूर्वाग्रहपूर्ण व्यवहार भएको आरोप ओली सरकारलाई लाउँदै छन् । यता शेरबहादुर र केपी ओली भने मनमा अब के होला ? भनेर झस्के पनि कुनै प्रतिक्रिया जनाएका छैन । यदि नेतात्रयले सोचेजस्तै सुरक्षित अवतरणको बाटोबाट जान सकिएन र आफूले गरेका कुकर्मको पर्दाफास भएर सजायसमेत भोग्नुपरेका खण्डमा आफ्नो जीवनको यति लामो राजनीतिक सङ्घर्षको छविमा कालो दाग लाग्ने हो कि ? भन्ने कुराले समेत सताएको पाइन्छ ।

अर्कोतिर नेतात्रयको मानसमा जमेको अहंकारको परतले गर्दा आम जनतासामु झुक्न उनीहरू तयार छैनन् । जबकि उनीहरूले यतिका वर्षसम्म यस्तै रवैयाले शासन चलाइरहेका छन् । आम नेपाली जनताको चाहना भनेको अबका दिनमा यी सारा भ्रष्ट मानसिकताले ग्रस्त भएका शासकलाई निर्ममताका साथ राजनीतिको बाटोबाटै हटाएर त्यो बाटोमा स्वच्छ छविका र भरोसा गर्नलायकको युवाशक्तिले वर्चश्व जमाउन सक्नुपर्छ भन्ने रहेको छ ।

यी बूढा वा पुराना नेताको मानसिकता भ्रष्ट भएर गएको मात्र होइन कि नयाँ पुस्ताका उनीहरूका कार्यकर्तामा समेत सोही खराब मानसिकताले गाँजेर लैजाँदै छ । राजनीतिक वृत्तको यो रोग पुस्तौँपुस्ता सर्दै र मौलाउँदै जाने हो भने वर्तमानको भ्रष्टचारी शासनभन्दा उम्दो शासन कुनै पुस्ताका हाम्रा सन्ततिले भोग्न पाउने छैनन् ।

नेतात्रयले मुखले २०८४ भनेर ध्वाँसपूर्ण भनाइ ओकले पनि वर्तमानको भासबाट कसरी पार पाउने ? भन्नेचहिँ उनीहरुका लागि महत्वको विषय हुन्छ । नेतात्रयमध्येका जोसुकैले सत्ताको बागडोर सम्हालेर २०८४ मा आम चुनाव गराउन सकेका खण्डमा त्यस बेला आफूले हारे पनि केही छैन । केवल आफूहरूलाई सुरक्षित अवतरणको मार्ग मात्र चाहिएको छ । आफूले भ्रष्टाचार गरेर कमाएको सम्पत्तिको छानबिन नगरेर ढिसमिस पार्न पाए र त्यत्तिमै उन्मुक्ति पाउन पाए धन्य हुने थियो भन्ने उनीहरू त्रयको मानसिक ढुकढुकीले बोल्दै गरेको कुरा हो । अबका दिनमा राजनीतिमा प्रवेश गर्ने युवावर्गले यो जीर्ण र आपराधिक मानसिकताबाट मुक्त भएर मात्रै राजनीतिमा प्रवेश गर्नुपर्ने हुन्छ । राजनीति कुनै कमाइ खाने भाँडो नभएर नि:स्वार्थ भावनाले गरिने मानवसेवा हो भन्ने भावनाको विकास गर्नै पर्ने भएको छ । राजनीतिक कर्ममा लागेका मानिसले गरेका अनियमित कामलाई लिएर उनका विरुद्ध मुद्दा दायर हुन्छ, छानबिन हुन्छ तर व्यक्ति कसुरदार र अपराधी हुँदाहुँदै पनि राजनीतिको बलियो आड-भरोसामा केही समयमा नै सफाइ पाएर सजायमुक्त हुने खालका गलत हर्कतले गर्दा पनि खराव कामका लागि उनीहरुको हौसला बढाउने काम भइरहेको छ ।

क्रमश: पृष्ठ-३....

# बजेट भाषण कार्यान्वयनमा संघीय मन्त्रालयहरू कमजोर, नतिजा औसत

काठमाडौं/बजेट भाषण कार्यान्वयनमा संघीय मन्त्रालयहरूको नतिजा औसत देखिएको छ । अर्थ मन्त्रालयका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ मा सबै मन्त्रालयको नतिजा मूल्यांकनबाट यस्तो देखिएको हो । यो वर्ष सरकारले १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ । चैत मसान्तसम्म ११ खर्ब ६९ अर्ब ६६ करोडमात्र खर्च गर्न सकेको छ । यसमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयदेखि सबैजसो संघीय मन्त्रालयको प्रदर्शन कमजोर छ । कार्यालयको गत आव २०८०/८१ को चालुतर्फको प्रगति ७७.०९ प्रतिशत र पूँजीगत तर्फको प्रगति ४८.८९ प्रतिशत थियो । यस वर्ष चैतसम्म चालुतर्फ ५३.८१ प्रतिशत र पूँजीगत तर्फ २६.३९ प्रतिशतमात्र खर्च भएको देखिन्छ ।




**अर्थका धेरै कार्यक्रम 'प्रक्रिया' मा**

अर्थ मन्त्रालयले यस वर्ष ३७ अर्ब ५ करोड बजेट राखेको छ । त्यसमध्ये चैत मसान्तसम्म १३ अर्ब १२ करोडमात्र खर्च गर्न सकेको छ । यस वर्ष अर्थले एमसीसी परियोजनासँग राखेका अधिकांश लक्ष्य अधुरै अवस्थामा देखिएको छ । धेरैजसो घोषणा प्रक्रिया चरणमा रहेको देखिन्छ । यस वर्ष गण्डकी आर्थिक त्रिभुज परियोजना प्रस्ताव गरी बजेट राखिएकोमा अर्थले यो कार्यक्रम नै रद्द गरिदिएको छ । अर्थले भनेको छ, 'अवधारणागत अस्पष्टताका कारण गण्डकी आर्थिक त्रिभुज परियोजनाको मोडालिटी तयार गरी कार्यान्वयन गर्न कठिनाइ भएको छ ।'

सामाजिक सुरक्षालाई राष्ट्रिय परिचयपत्रमा आबद्ध गर्ने घोषणा समेत यस वर्ष पूरा हुन सकेन । यस आवमा सम्पन्न गर्ने भनी घोषणा गरिएका सबैजसो परियोजना पूरा हुन सकेनन् । यसमा नारायणघाट-बुटवल सडक खण्ड प्राथमिकता साथ राखिएको थियो । कमला-कञ्चनपुर खण्ड यसै आवमा सक्ने योजना थियो । यस वर्ष पूरा भएको घोषणा सबै स्थानीय तहमा बैंक शाखा पुऱ्याउनु रहेको छ । सार्वजनिक संस्थानबारे घोषित अधिकांश घोषणा पूरा हुन सकेनन् । पीपीपी मोडेलमा उद्योग चलाउने योजना अधुरै रहेका छन् । अर्थ मन्त्रालयका लागि अघिल्लो वर्षको बजेटमा राखिएका अधिकांश घोषणा 'प्रक्रियामा रहेको' भाषामा प्रगति उल्लेख गरिएको छ ।

कतिपय नियमित कामलाई समेत बजेट भाषणमा लोकप्रिय शब्दमा राख्ने गरिएको प्रगति प्रतिवेदनले देखाउँछ । उदाहरणका लागि अर्थ मन्त्रालयले भन्सारमा चोरी निकासी नियन्त्रण गर्ने भनिएको कार्यक्रमको प्रगति केन्द्रीय राजस्व चुहावट समितिको बैठक दुई पटक बस्नुलाई लिइएको छ । चैत मसान्तसम्म अर्थले १० खर्ब १६ अर्ब राजस्व संकलन लक्ष्य राखेकोमा ८ खर्ब ४१ अर्बमात्र संकलन गर्न सकेको छ । जुन लक्ष्यको ८२.७२ प्रतिशत हो । यस अवधिमा पूँजीगत खर्च, वैदेशिक सहायता जस्ता कुनै पनि लक्ष्य पूरा हुन सकेनन् । २०८०/८१ मा यस मन्त्रालयले चालुतर्फ ३४ प्रतिशत र पूँजीगत तर्फ ५९.२५ प्रतिशतमात्र खर्च गर्न सकेको थियो । यस वर्ष चैतसम्म अर्थको पूँजीगत बजेट १३.४५ प्रतिशत र चालुतर्फ ३६.२ प्रतिशत मात्र खर्च गरेको पाइएको छ ।

**उद्योग मन्त्रालयको प्रदर्शन सबैभन्दा कमजोर**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रदर्शन चालु आव झनै कमजोर देखिन्छ । यस वर्ष प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम मार्फत स्वदेशी उत्पादन प्रोत्साहन गर्ने भनिएको थियो । तर, एक कार्यविधि बनाउनु बाहेक अन्य उपलब्धि हुन सकेको छैन । स्थानीय तहलाई उत्पादन र रोजगार केन्द्रका रूपमा विकास गर्ने भनेको मन्त्रालयले उपलब्धि भने विगतबाटै सुरु भएको औद्योगिक ग्राम घोषणालाई मानेको छ । देशभरि १ सय २० औद्योगिक ग्राम घोषणा र ४ वटाको काम सम्पन्न भएको दयनीय तथ्यांक मन्त्रालयको छ । निजी क्षेत्रसँगको सहकार्यमा प्रदेशलाई विशिष्टीकृत आर्थिक केन्द्रका रूपमा विकास गर्ने घोषणा गरेको मन्त्रालयले यसमा समन्वय गरिरहेको जनाएको छ ।

निजगढदेखि ढल्केबरसम्म पूर्वपश्चिम राजमार्गलाई नेपाली गलैँचा करिडोर बनाउने घोषणाको उपलब्धि सार्वजनिक निकायमा स्वदेशी वस्तु उपभोग सम्बन्धी निर्देशिकालाई मानेको छ । अन्य विभिन्न स्थानमा औद्योगिक करिडोर बनाउने घोषणाको उपलब्धि समेत मन्त्रालयले सोही निर्देशिका बनाउनुलाई मानेको छ । यस वर्ष स्टार्टअप बोर्ड गठन गर्ने घोषणा गरेको मन्त्रालयले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान परिसरमा उद्यम सम्बर्द्धन केन्द्र स्थापना गरेको उल्लेख गरेको छ ।

महिला उद्यमीका लागि काठमाडौं चोभारमा अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी स्थल बनाउने घोषणा गरेको मन्त्रालयले उपलब्धिमा भनेको छ, 'महिला उद्यमीद्वारा उत्पादित वस्तु तथा सेवा प्रवर्द्धनका लागि सहकार्य भइरहेको छ ।' यस वर्ष टिमुरे र भैरहवामा एकीकृत जाँच चौकी निर्माणको काम सम्पन्न गर्ने भनिएकोमा हुन सकेन । उपभोक्ता अदालत सञ्चालन भने यस वर्षको उपलब्धि भएको छ । यो मन्त्रालयको अघिल्लो आव चालु खर्च ७४.९५ र पूँजीगत खर्च २३.१९ प्रतिशत थियो । यस वर्ष चैतसम्म चालु खर्च १५.३४ र पूँजीगत तर्फ ५.२२ प्रतिशतमात्र भएको छ । जुन संघीय मन्त्रालयतर्फ सबैभन्दा कमजोर हो ।

**लक्ष्य नजिक पनि पुगेन ऊर्जा मन्त्रालय**

चालु आव सरकारले ९ सय मेगावाट विद्युत् थप गरी राष्ट्रिय प्रणालीको विद्युत् क्षमता ४ हजार ५ सय मेगावाट पुऱ्याउने लक्ष्य बजेट भाषणमा लिएको थियो । चैतसम्म यस्तो क्षमता जम्मा ३ हजार ६ सय २ मेगावाट पुगेको छ । यस वर्ष बंगलादेशमा विद्युत् निर्णय गर्ने भनिएकोमा औपचारिकताका लागि एकदिन निर्यात गरिएको थियो । सुक्खायामको माग पूर्ति गर्न १ हजार २ सय मेगावाटको बुढीगण्डकी, ६ सय ७० मेगावाट क्षमताको दूधकोशी, ४ सय मेगावाट क्षमताको नलगाड सिं जलविद्युत् आयोजना र नौमुरे बहुउद्देश्यीय जलविद्युत् आयोजना निर्माण सुरु गर्ने भनेको सरकारले कुनै पनि आयोजना सुरु गर्न सकेन । गत वर्ष उद्योग मन्त्रालयको चालु खर्च ७९.४५ र पूँजीगत खर्च ८०.०९ प्रतिशत थियो । यसवर्ष चैतसम्म चालु खर्च ३६.२५ र ३८.४८ प्रतिशतमात्र छ ।

**कानुन मन्त्रालयमा बजेट न काम**

सबैभन्दा कम बजेट खर्च गर्ने मन्त्रालय कानुन, न्याय तथा संसदीय मामिला हो । गत वर्ष चालु खर्च १ अर्ब बजेट रहेको यस मन्त्रालयले ४१.१२ प्रतिशतमात्र खर्च गरेको थियो । पूँजीगत तर्फ ८६ लाख बजेट रहेकोमा ७९.६१ प्रतिशतमात्र खर्च भएको थियो । यस वर्ष ७७ करोड ७७ लाख चालु बजेट पाएको यो मन्त्रालयले चैतसम्म ४१.०७ प्रतिशत खर्च गरेको छ । पूँजीगत तर्फ ९८ लाख बजेट रहेकोमा १७.७१ प्रतिशतमात्र खर्च भएको छ ।

**कृषिमा कस्तो रह्यो यो वर्ष ?**

सरकारले यस वर्ष कृषिमा लगानी दशक घोषणा गरेको थियो । कार्यान्वयनमा भने लगानी दशकको सोचपत्र मात्र तयार भएको छ । कृषिले विगतदेखि सञ्चालनमा रहेका कार्यक्रम र अभियानलाई नै यस वर्षको समेत उपलब्धिका रूपमा उल्लेख गरेको छ । औषधीय प्रयोजनका लागि गाँजाको व्यावसायिक उत्पादन गर्न कानुनी व्यवस्था मिलाइने घोषणा बजेट भाषणले गरेको थियो । यसमा सम्भाव्यता प्रतिवेदन तयार भएको मन्त्रालयले उल्लेख गरेको छ । अघिल्लो वर्ष चालुतर्फ ७८.२७ र पूँजीगत तर्फ ६४.२१ प्रतिशत प्रगति थियो । यस वर्ष चैतसम्म चालुमा ४५.९१ र पूँजीगत तर्फ ३५.७९ प्रतिशत बजेट खर्च भएको तथ्यांक छ ।

**आफ्नै गतिमा खानेपानी**

यस वर्ष मेलम्ची खानेपानी आयोजनाको इन्टेक सुरक्षित स्थानमा स्थानान्तरण गर्ने घोषणा बजेटमा गरिएको थियो । यस प्रयोजनका लागि एसियाली विकास बैंकसँग सम्झौता भएको छ । मेलम्ची खानेपानी आयोजनाको क्षेत्र विस्तार गर्ने घोषणा गरिएकोमा सोहस् अनुसारको काम भएको पाइएको छ । काठमाडौंमा ढल प्रशोधन केन्द्र सञ्चालनका घोषणा भने अधुरै देखिन्छन् । गत आव यस मन्त्रालयले चालुतर्फ ५२.६९ र ६३.८४ प्रतिशत पूँजीगत खर्च प्रगति गरेको थियो । यस वर्ष चैतसम्म चालुतर्फ ४८.३२ र पूँजीगत तर्फ २५.४६ प्रतिशतमात्र खर्च भएको देखिएको छ ।

**गृहको गति सुस्त**

यस वर्ष गृह मन्त्रालयको कार्यगति निकै सुस्त देखिन्छ । औषधीय प्रयोजनका लागि गाँजाको व्यावसायिक उत्पादन कानुनी व्यवस्था गर्ने घोषणा बजेटमा गरिएको थियो । यो अहिले पनि अध्ययन प्रक्रियामा रहेको देखिएको छ । जाजरकोट र रुकुममा भूकम्पबाट भत्किएका निजी घरको पुनर्निर्माणलाई तीव्रता दिने भनेकोमा अहिले पनि यसमा उल्लेख्य प्रगति छैन । अहिलेसम्म क्षतिको आकलन गरिनुलाई नै मन्त्रालयले उपलब्धि मानेको छ ।

सबै नेपालीलाई परिचयपत्र उपलब्ध गराउने भनेकोमा अहिलेसम्म १ करोड ७२ लाख १३ हजार ५ सय ५५ जनाले मात्र विवरण संकलन गराएको देखिन्छ । परिचयपत्र छपाइ भने ६ लाख ३७ हजार ५ सय ५९ थानमात्र भएको छ । गत आव गृहको चालु खर्च ९७.४७ र पूँजीगत खर्च प्रगति ८७.१४ प्रतिशतमात्र थियो । यस वर्ष चैतसम्म चालु खर्च ६९.३१ र पूँजीगत खर्च ४३.५ प्रतिशत थियो ।

**परम्परागत गतिमै रमाइरहेको परराष्ट्र**

यस वर्ष गैरआवासीय नेपालीको लगानी भित्र्याउन विशेष पहल गर्ने घोषणा गरेको मन्त्रालयले विदेशमा ३८ वटा कार्यक्रम गरिनुलाई उपलब्धि भनेको छ । परराष्ट्रमन्त्रीका भ्रमणहरूलाई समेत मन्त्रालयले यस अवधिको उपलब्धि मानेको छ । गत वर्ष यो मन्त्रालयको चालु खर्च प्रगति ८४.५५ र पूँजीगत खर्च ३८.२१ प्रतिशत थियो । यस वर्ष चालु खर्च ७५.२५ र पूँजीगत खर्च १८.८७ प्रतिशत छ ।

**कानुनी सुधार भूमरीमा अल्झियो भूमि व्यवस्था**

सहकारी समस्या समाधान गर्न नियामक निकाय स्थापना गर्ने घोषणा गरेको सरकारले यसका लागि सहकारी नियमन प्राधिकरण व्यवस्था गर्न कानुनी प्रक्रिया टुङ्ग्याएको छ । तर, यो कागजमै सीमित छ । सहकारीको ५ लाखसम्मको बचत फिर्ता गर्ने घोषणा बजेटले गरेको थियो । यो पनि अहिलेसम्म कागजमै सीमित छ । पटक-पटक भूमि आयोग खारेजी र गठन गर्दा भूमि समस्या समाधानमा उल्लेख्य प्रगति छैन । गत आव यो मन्त्रालयले चालुतर्फ ८२.०८ र पूँजीगत तर्फ ४०.८७ प्रतिशत खर्च गरेको छ । यस आवमा भने चैतसम्म चालु खर्च ५६.५९ र पूँजीगत खर्च ३३.५३ प्रतिशत भएको छ ।

**भौतिक पूर्वाधारमा योजनाले लिन सकेनन् गति**

यस वर्ष भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका निर्माणाधीन योजनाले उल्लेख्य गति लिन सकेनन् । सरकारले बजेट भाषणबाट सम्पन्न गर्ने लक्ष्य लिएका ठूला परियोजनाको काम अझै पनि जारी छ । यस वर्ष बुटवल-नारायणगढ र कमला-कञ्चनपुर सडक खण्ड निर्माण सक्ने घोषणा गरिएको थियो । कार्यान्वयन भने हुन सकेन । द्रुतमार्गलाई तीव्रता दिने भनिएकोमा काम जारी रहे पनि अपेक्षित प्रगति छैन । यो आयोजनाको चैतसम्म वार्षिक लक्ष्यको २६.४० प्रतिशतमात्र प्रगति देखिन्छ । मदन भण्डारी, करिडोर र मध्यपहाडी लोकमार्ग तर्फका आयोजना समेत अधुरै छन् ।

पडवेको सम्भाव्यता अध्ययन गर्ने भनेकोमा यसतर्फ कुनै पनि अध्ययन नभएको देखिएको छ । सिद्धबाबा सुरुङको काम सम्पन्न भए पनि अरू काम जारी छन् । नागढुंगामा समेत सोही प्रवृत्ति छ । ग्वार्को फ्लाइओभर भने यस आवभित्र सञ्चालनमा ल्याउने तयारी छ । सडक दुर्घटनाका घाइतेको उपचारमा प्रदान गरिने रकम र सडक दुर्घटनाबाट मृत्यु भएका व्यक्तिको परिवारलाई दिइने क्षतिपूर्ति रकम बढाउने घोषणा बजेटले गरेकोमा यसमा शून्य प्रगति छ । गत आवमा यो मन्त्रालयको चालु खर्च ८८.८२ र पूँजीगत तर्फको प्रगति ७३.२४ प्रतिशत छ । यस वर्ष चालुतर्फ ६८.७ र पूँजीगत तर्फ ३८.४८ प्रतिशत मात्र प्रगति छ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कस्तो छ प्रगति ?**

यस वर्ष पनि ग्रामीण तथा दुर्गम क्षेत्रबाट गर्भवती र सुत्केरीको निःशुल्क हवाई उद्धार निरन्तर भइरहेको छ । यस वर्ष ८ सय १५ महिलाको हवाई उद्धार गरिएको मन्त्रालयले जनाएको छ । प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम घोषणा गरी १० करोड विनियोजन गरिएकोमा अहिलेसम्म कार्यविधिको मस्यौदामात्र बनाइएको छ । अन्य घोषणा समेत कागजमै सीमित छन् । गत आव यस मन्त्रालयको चालु खर्च ५२.५३ र पूँजीगत खर्च १६.५ प्रतिशत थियो । यस वर्ष चैतसम्म चालु खर्च ३९.४२ र पूँजीगत खर्च १९.४७ प्रतिशत छ ।

**युवा तथा खेलकुदमा बढेन गति**

यस वर्ष युवा तथा खेलकुद मन्त्रालय आफ्नो परम्परागत गतिभन्दा बाहिर निस्किन सकेन । यस वर्ष राष्ट्रिय खेलकुद सुर्खेतमा आयोजना गर्ने घोषणा गरिएकोमा कार्यान्वयन हुन सकेन । अन्य सामान्य प्रतियोगिता आयोजनालाई नै मन्त्रालयले मुख्य उपलब्धि मानेको छ । निर्माणाधीन क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा गरी गति दिने जनाइएको थियो ।

पछिल्लो समय कीर्तिपुर मैदानको कामले गति लिए पनि अन्य रंगशालाको काम सन्तोषजनक छैन । यो मन्त्रालयको गत आवको चालु खर्च ८५.७५ र पूँजीगत खर्च ५०.१९ प्रतिशत थियो । यस वर्ष चैतसम्म चालु खर्च ३५.०३ र पूँजीगत खर्च ८.९२ प्रतिशतमात्र छ ।

**रक्षा मन्त्रालयको उपलब्धि के ?**

रक्षा मन्त्रालयको बजेट भौतिक पूर्वाधार निर्माणतर्फ अधिक छ । द्रुतमार्गदेखि कोशी, कालीगण्डकी र कर्णाली करिडोरमा समेत नेपाली सेना आद्ध छ । नेपाली सेनालाई दिएको बजेटको भौतिक प्रगति चैतसम्म ७३.२७ प्रतिशत छ । गत आव यस मन्त्रालयको चालु खर्च ९९.२३ र पूँजीगत खर्च ९९.३० प्रतिशत थियो । यस आव चैतसम्म चालु खर्च ७४.०५ र ३६.०१ प्रतिशत छ ।

**वन तथा वातावरणमा छैन देख्नलायक प्रगति**

यस मन्त्रालयले बजेटमा राखेका कार्यक्रमको प्रगति औसत छ । निरन्तर चलिरहेका कार्यक्रमलाई मन्त्रालयले यस वर्षको प्रगति भनेको छ । मन्त्रालयले गत आव ७०.४ प्रतिशत चालु खर्च र ७२.८२ प्रतिशत पूँजीगत खर्च गरेको थियो । यस वर्ष चैतसम्म ५८.०९ प्रतिशत चालु खर्च र २४.४२ प्रतिशत पूँजीगत खर्च गरेको छ ।

**परम्परामा घस्रिँदै शिक्षा मन्त्रालय**

शिक्षा मन्त्रालयले समेत परम्परा धानेको छ । बजेटमै उल्लेख्य घोषणा थिएनन् । कार्यान्वयन समेत औसत छ । विद्यार्थीको नतिजामा ठूलो अन्तर देखिएको छैन । धेरैजसो आकर्षक नारा घोषणामै सीमित छन् । उदाहरणका लागि यस वर्ष साथीबाट सिक्ने, साथीलाई सिकाउने कार्यक्रम चलाउने भनिएको थियो । सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा ल्याउने भनिएकोमा त्यो हुन सकेको छैन । त्रिभुवन विश्वविद्यालयलाई उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विकास गर्ने घोषणा बजेटमा गरिएकोमा यसका बेथिति अहिले चर्चाको केन्द्रमा छ ।

**वैदेशिक रोजगारी मर्यादित न आन्तरिक रोजगारी वृद्धि**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारीमा रहेका क्षेत्रसमेत यस वर्ष औसतमै अगाडि बढे । न वैदेशिक रोजगारी पहिलेभन्दा बढी मर्यादित रहन गयो, न आन्तरिक रोजगारी नै बढ्यो । श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाइ स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्ने बजेटको घोषणाको उपलब्धिमा मन्त्रालयले भनेको छ, 'श्रम विवाद समाधानका विधि प्रक्रिया तथा असल श्रम सम्बन्ध विकासका लागि ट्रेड युनियन तथा रोजगारदाताबीच अन्तर्क्रिया एवं जनचेतना कार्यक्रम सम्पन्न भएको छ ।'

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत २ लाख व्यक्तिलाई न्यूनतम १ सय दिनको रोजगारी दिने घोषणा गरिएकोमा चैतसम्म ७ हजार ३ सय ८ जनाले न्यूनतम ६५ दिनको रोजगारी पाएको तथ्यांक छ । यस वर्ष तीन मुलुकसँग श्रम सम्झौता घोषणा गरिएकोमा कुनै पनि मुलुकसँग यस्तो सम्झौता भएको छैन । चैतसम्म यो मन्त्रालयको चालु खर्च ३०.३४ र पूँजीगत खर्च ५.६७ प्रतिशतमात्र भएको देखिन्छ ।

**बढेनन् पर्यटक, चलेनन् विमानस्थल**

पर्यटन तर्फका अधिकांश घोषणा यस वर्ष पनि अधुरै रहे । यस वर्ष १६ लाख पर्यटक भित्र्याउने लक्ष्य रहेकोमा मासिक औसत १ लाख मुस्किलले भित्रिरहेको अवस्था छ । नेपाल-भारत पर्यटन मेला आयोजनालाई मन्त्रालयले नेपालमा वैवाहिक समारोह आयोजना गर्न आउने पर्यटकलाई सहजीकरण गरी सांस्कृतिक तथा पर्यटकीय गन्तव्यलाई विवाह गन्तव्यका रूपमा विकास गर्ने घोषणाको उपलब्धि भनेको छ ।

त्रिभुवन विमानस्थलमा दोस्रो टर्मिनल भवन बनाउन सुरु गर्ने भनिएकोमा कार्यान्वयन भएको छैन । यस वर्ष निजगढ विमानस्थलको लगानी ढाँचा र पूर्वतयारीको काम सक्ने भनिएकोमा त्यसमा शून्य प्रगति छ । निर्माण सम्पन्न भएका विमानस्थललाई पूर्णक्षमतामा चलाउने घोषणा समेत कागजमै सीमित रह्यो । चैतसम्म यो मन्त्रालयको चालु बजेट ५९.१९ र पूँजीगत बजेट खर्च १९.३४ प्रतिशत छ ।

*(स्रोत: अनलाइनखबर)*

# अब वर्षमा एउटा फिल्म गर्ने योजनामा राजेश हमाल

काठमाडौं/दर्शकमाझ 'महानायक'को रुपमा चिनिएका अभिनेता राजेश हमालले आठ वर्षपछि कमब्याक फिल्म गरेको 'नरसिंहा अवतार' यतिबेला हलमा प्रदर्शनरत छ । फिल्मले व्यावसायिक सफलता हासिल गर्ने सम्भावना अब टरिसकेको भए पनि यो उनको १०/१२ वर्षयताकै सबैभन्दा धेरै कमाइ गर्ने फिल्म बनेको छ । यसले घरेलु बक्स अफिसमा साढे दुई करोड करोडमाथि कमाइसकेको छ ।



सोमबार उनले फिल्मको टिमसँग काठमाडौंमा आफ्नो ६१ औं जन्मदिन मनाए । श्रीमती मधु भट्टराईको साथमा केक काटेपछि सञ्चारकर्मीसँगको कुराकानीमा उनले आफ्नो नयाँ फिल्म प्रदर्शन भइरहँदा जन्मदिन मनाउन पाएकोमा खुसी व्यक्त गरे । उनले अब फिल्ममा काम गर्न वर्षौं समय नलगाउने पनि बताएका छन् । वर्षमा एउटा फिल्म गर्ने सोचमा आफू रहेको उनको भनाइ छ । अभिनेता हमालले भने, 'मैले आठ वर्षपछि 'नरसिंहा'मा काम गरेँ । अब चाहिँ फिल्म गर्न यति समय लगाउँदिनँ । तर, पहिलाको जस्तो एकपछि अर्को फिल्म रफ्तारमा पनि गर्दिनँ । यद्यपि, राम्रो विषय भयो भने वर्षमा एउटा फिल्म गर्ने योजना चाहिँ बनाएको छु । सायद अर्को वर्ष कुनै न कुनै फिल्ममार्फत् दर्शकसामु आउन सक्छु । तर, केही वर्ष एउटाभन्दा ज्यादा फिल्म भने गर्दिनँ होला ।'

बच्चाको विषयमा सोधिँदै आएको प्रश्न हमाललाई जन्मदिनमा पनि टुटेन । यसपटक यो प्रश्न भने सञ्चारकर्मीले उनकी श्रीमती मधु भट्टराईलाई सोधे । तर, उनले बच्चाको विषयमा हमालले दिँदै आइरहेको जवाफ नै फर्काइन् । भनिन्, 'बच्चाको बारेमा उहाँले भन्दै आइरहनुभएको छ । मेरो कुरा पनि त्यही नै हो । हामीले प्लानअनुसार नै गरिरहेका छौं । बच्चाको विषयमा अहिले सोचेका छैनौं ।'

# 'मोहर'मा देउकी प्रथाको कथा

काठमाडौं/आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मोहर'को टिजर सार्वजनिक गरिएको छ । डेढ मिनेट लम्बाईको टिजरले फिल्मको कथावस्तु, चरित्र चित्रण र केन्द्रीय द्वन्द्वबारे प्रकाश पारेको छ । बाइसे राज्यको समयमा प्रचलित देउकी प्रथा (मन्दिरमा देवी देवताको सेवा गर्न कन्या चढाउने प्रचलन)मा आधारित भएर फिल्म बनेको टिजरले खुलासा गर्छ ।

सार्वजनिक टिजरमा अभिनेता पल शाहलाई दोहोरो अवतार देख्न सकिन्छ । उनी लामो र छोटो कपालमा देखिएका छन् । कपाल लामो भएको गेटअपमा पलको कथा अभिनेत्री बेनिशा हमाल र बाल-कलाकार सारा शर्मासँग जोडिएको छ । उनी देउकी चढाउन लागेकी बच्चीलाई बचाउन खलपात्रसँग लडिरहेका छन् । अर्कोमा भने उनी अभिनेत्री नीति शाहसँग प्रेमिल भावमा प्रस्तुत छन् ।

ओम प्रतिकको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा पल, बेनिशा र नीतिसहित अर्जुन जंग शाही, मिथिला शर्मा, रविन्द्र झा, लक्ष्मी गिरी, मिस पबी, सुशिल देवकोटा, लक्ष्मीनाथ तिमिल्सिना, सिद्धार्थ सिंह, माधव दत्त पण्डित, गीता थापा, नविन खतिवडा लगायतको अभिनय रहेको छ । फिल्मका निर्माता चुम्बन जंग शही हुन् । फिल्ममा दिपेन बस्न्यातको डीओपी, भुपेन्द्र अधिकारीको सम्पादन, कुमार महर्जनको द्वन्द्व निर्देशन, कविराज गतहराज र रामजी लामिछानेको कोरियोग्राफी, सुरेश अधिकारी, थानेश्वर गौतम र एसडी योगीको संगीत, समीर मियाको भीएफएक्स तथा सत्यम रानाको सीजीआई छ । फिल्मको टिजर साहिल खानले तयार पारेका हुन् । 'मोहर'लाई नलेखिएको नियमको कथा भनिएको छ ।

# सुरक्षित अवतरणको...

यसको मतलब करोड जनताको आशा र भरोसाको केन्द्रको रुपमा मानिएको न्यायालयसमेत अनेक थरीका प्रलोभनमा फसेर न्यायालयको समेत बदनाम गराउने कामको नजिर स्थापित भइसकेको छ ।

न्यायालयसमेत मोहमा फसेपछि न्यायालयप्रतिको आशा र भरोसा कतै पनि बाँकी रहनेवाला छैन । दर्जनभन्दा बढी मान्छेलाई जिउँदै इँटाभट्टामा हाली जलाएर मार्ने र अदालतबाटै अपराधी प्रमाणित भएर जन्मकैदको सजाय भोग्दै गरेको अपराधीलाई बीचमै सफाइ दिएर निरापराध ठहर गर्ने न्यायालयका न्यायमूर्तिहरुलाई चाहिँ कार्यवाही कसले गर्ने ? भन्नेतिर पनि ध्यान जानु जरुरी छ ।

जे होस्, वर्तमान सन्दर्भमा हेर्ने हो भने सुरक्षित अवतरणको प्रयासमा लाग्दै गरेका नेतात्रयले पनि शासकीय शक्तिको आडमा धेरै थरीका आपराधिक घटना घटाएका थिए भन्ने कुरा देख्ने, भोग्ने, सुन्ने आम जनता साक्षी छन् । यिनलाई आम माफी दिएर उन्मुक्त वातावरणमा छोड्नु अर्को पाप कर्म हो । अख्तियारले चाहेको खण्डमा नेतात्रयका आपराधिक क्रियाकलापको एक-एक गरेर खुट्याउन र निरुपण गर्न सक्छ तर अख्तियार पनि नेताको भनाइको प्रभावमा परेर हो वा मोहमा फसेर जनता सन्तुष्ट हुने गरी कार्यवाहीको डन्डा चलाउन सकेको छैन ।

यो उसको लाचारीपना बाहेक केही होइन । समय आएपछि सबै वस्तु नाश भएर गएजस्तै जतिसुकै शक्तिशाली आड-भरोसा भए पनि दिन पुगेका दिन देखा पर्नेछ र आम जनताले थाहा पाउनेछन् । कोही पनि राजनीतिक व्यक्तित्वले जनताको विश्वास गुमाएको खण्डमा उसको राजनीति कहिल्यै सफल हुनेवाला छैन ।

वर्तमानको राजनीतिक वातावरणमा शासक पक्ष क्रमश: कमजोर वा निरीह र राजावादी पक्ष शक्तिशाली बन्दै गएको जस्तो देखिन्छ । अपराध कर्म गर्ने मान्छेले आफूले गरेका पापकर्मले आफूभित्रैबाट जलिरहेको हुन्छ भन्ने कुरा सत्तापक्षको लाचारीपनबाट प्रस्ट हुन्छ । सत्तापक्ष सत्यको बाटोमा हिँड्न सकेको छैन । असत्यको बाटोमा हिँड्दै गरेको मान्छेले हरेक घटनाबाट डराउनुपर्छ । तर सत्यको बाटोमा हिँडेको मान्छे निर्धक्क भएर निडरताका साथ पाइला अगाडि बढाउन सक्छ ।

केपी ओली नेतृत्वको सरकारले एकपछि अर्को गलत हर्कत गर्दै जान थालेको छ । यो गलत हर्कतले ऊमाथि भय थपिँदै जानाले शङ्का र संशय बढ्दै जान थाल्छ । अपराध कतैबाट खुल्ने हो कि भन्ने डरले हर्दम सताइरहेको हुन्छ । बाटोमा आउने अवरोध हटाउन भएभरको बल लगाएर हुङ्कार गर्न खोज्छ तर भित्र खोक्रो भइसकेको हुनाले हुङ्कार बेकार हुनपुग्छ ।

जेठ १५, २०८२ मा राजावादीहरूले शक्ति प्रदर्शन गर्ने कार्यक्रम तय भएको थियो । शासक केपी ओली भाषण गर्दै थिए, राजावादीहरुलाई चक्रपथभित्र छिर्नै नदिने तथा उनीहरुको भन्दा तीन गुना बढी मान्छे उतारेर हाम्रो शक्ति कति रहेछ भनी राजावादीलाई देखाउने, तर राजावादीको आन्दोलनको तुलनामा शासकका नगन्य संख्याको जनसहभागिताले यो कुराको पुष्टि गरिदियो कि असत्यको बाटोबाट शासन चलाउन खोज्ने शासकको पक्षमा सत्यवादी जनशक्ति लाग्दैन । केवल शासकका फोस्रा हुङ्कार मात्र खेर गएको आम जनताले महसुस गर्छन् ।

अपराध गरेर उम्कन पाउने छुट कुनै पनि शासकलाई दिइनु उपयुक्त होइन । तर विडम्बना के छ भने, हाम्रो देशका विगतदेखि वर्तमानसम्मका शासकहरू आपराधपूर्ण शासन चलाएर आम जनतालाई दु:ख र पीडाको भुमरीमा डुबाउन उद्यत हुन्छन् अनि तिनै नालायक शासकलाई आम जनताले महान् नेताका रुपमा पूजा गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ ।

तिनको पूजा नगरे रोजगारी नपाइने, रोजगारी नपाइए बाँच्न नसकिने आदिजस्ता समस्याले पिरोलिएका छौं । यस कारणले गर्दा राज्यको नीति बनाउने राजनीति भन्ने शब्द यति धेरै विकृत हुन पुगेको छ कि राजनीति भन्नासाथ तिनै भ्रष्ट र पापी नेतालाई, तिनले गरेका आपराधिक कर्मलाई सम्झनु र मान्नुपरेको छ ।

मुख्य राजनीतिक दल बाहेकका अरु सानातिना राजनीतक दल अस्तित्वमा रहेका भए पनि तिनले आफ्नो राजनीतिक भूमिका निभाउन सकिरहेका छैनन् । बरु अबका दिनमा ती सबै भुरेटाकुरे राजनीतिक दलसमेत एकताबद्ध भएर ठूला भनिएका र सत्ताको बागडोर सम्हालेर मनपरि शासन गर्न पल्केका नेतालाई किनारा लगाएर नेपालको राजनीतिलाई स्वच्छ बनाउने काममा लागिपर्नुपर्ने बेला आइसकेको छ । जनताको विश्वासलाई धोका नदिने गरी राजनीतिक वातावरणलाई सङ्लो र पारदर्शी बनाउने काममा लाग्न ढिलो हुँदै गएको छ ।

उपयुक्त शासन, सुधारिएको शासन व्यवस्थाको स्थापना हुन अनिवार्य भइसकेको छ । असल र सफल नेतृत्वले आफूपछि सोही प्रकारको नेता जन्माउनुका साथ सुशासनको अनुभूत गराउने खालको शासनको जग बसाल्न अबको युवा पुस्ताले पहल थाल्नु अनिवार्य भएको छ । वर्तमानका शासकहरूले सुरक्षित अवतरणको बाटो खोजिरहेका बेला आम जनताले विश्वास गर्ने र भर पर्दो भावी शासकको तस्वीर आफ्नो मानसमा खेलाउन पाएका छैनन् । अबका दिनमा त्यो अवसर पनि पाउन सक्ने वातावरण सिर्जना हुन सकोस् ।

*(साभार: न्यूज अफ नेपाल)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# ईन्द्रसरोवरमा पानीको सतह ४ मिटर मात्र बाँकी

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ देशको एकमात्र जलाशययुक्त जलविद्युत् आयोजना कुलेखानीको ईन्द्रसरोवरमा पानीको सतह घट्दै गएको छ ।

सोमबार साँझसम्म ईन्द्रसरोवरमा पानीको सतह समुद्री सतहबाट १४ सय ८६.३९ मिटर मा झरेको जानकारी कुलेखानी जलविद्युत् केन्द्र प्रथमका प्रमुख तार दत्त भट्टले दिएका छन् । उनका अनुसार पछिल्लो समय पानी नपरेको र गर्मीको कारण विद्युत् माग बढ्दा ईन्द्रसरोवरको पानीको सतह निरन्तर घटिरहेको हो । 'अहिले हामी १४८३ मिटर भन्दा माथि छौं, त्यसैले अझै केहीदिन नियमित उत्पादन गर्न सक्छौं,' प्रमुख भट्टले भने-'तर, पानीको सतह १४ सय ८३ मिटरभन्दा तल झरेमा अत्यावश्यक बाहेकको बिजुली उत्पादन सम्भव हुँदैन ।'



ईन्द्रसरोवर तालमा समुद्री सतहबाट १५ सय ३० मिटर उचाइसम्म पानी जम्मा गर्न सकिन्छ । सामान्य अवस्थामा तालको न्यूनतम सतह १४ सय ८४ मिटर कायम गरिन्छ तर, विद्युत् माग अत्यधिक भएमा एकमिटर तलसम्म घटाउन सकिने व्यवस्था गरिएको छ । हाल कुलेखानी प्रथम (६० मेगावाट), दोस्रो (३२ मेगावाट) र तेस्रो (१४ मेगावाट) जलविद्युत् केन्द्र पूर्णक्षमतामा सञ्चालनमा छन् । यदि पानीको सतह न्यूनतम बिन्दुभन्दा तल पुग्यो भने यी आयोजना बन्द गर्नुपर्ने अवस्था आउनसक्ने प्रमुख भट्टले चेतावनी दिएका छन् ।

भट्टका अनुसार गर्मी बढेसँगै विद्युत् माग उच्च रहेको छ, जसका कारण जलाशयको पानी चाँडै खपत भइरहेको छ । अझै केही समय वर्षा नहुँदा सरोवरको पानीको मात्रा झनै घट्ने अनुमान गरिएको छ । गतवर्षको अनुभव उल्लेख गर्दै प्रमुख भट्टले भने, 'असोज १० र ११ गतेको अविरल वर्षाले इन्द्रसरोवर ताल भरिएर ओभरफ्लो हुन पुगेको थियो, जसका कारण बाँधको सुरक्षाको लागि दुई ढोका खोली पानी बाहिर निकाल्नुपरेको थियो ।'

उनी भन्छन्, 'पानी परेपछि मुलुकका रन अफ रिभर मा आधारित आयोजना पूर्णक्षमतामा चल्न थाल्छन्, र कुलेखानीलाई ब्याकअपको रुपमा मात्र प्रयोग गरिन्छ ।' कुलेखानी जलविद्युत् आयोजना सुक्खा तथा गर्मीयाममा नेपालका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ । नदी तथा खोलानालामा पानीको बहाव घट्दा विद्युत् आपूर्ति सुनिश्चित गर्न र भोल्टेज सन्तुलन कायम राख्न कुलेखानी प्रमुख आधार बन्छ ।

प्रमुख भट्टले समयमै वर्षा सुरु भएमा इन्द्रसरोवरमा पानीको सतह पुन: बढ्ने आशा व्यक्त गरेका छन् । यद्यपि तत्कालको अवस्थामा भने जलाशयको पानीको उच्च उपयोग गर्दै उत्पादनमा सन्तुलन कायम राख्नु प्रमुख चुनौती बनेको छ । कुलेखानी जलाधार क्षेत्रमा रहेका खोलानाला पनि सुकेर पानीको बहाव ज्यादै न्यून बनेका कारण जलासयमा पाथी थपिन सकेको छैन ।

## दुर्घटना न्युनीकरण प्रतिबद्धतापत्रमा हस्ताक्षर

# झल्लर, प्रेशर हर्न, फोकस लाइट हटाउनुपर्ने



साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ यातायात व्यवसायी, प्रहरी, यातायात चालक, नागरिक समाजका प्रतिनिधिले दूर्घटना न्युनीकरणमा सहयोग गर्ने प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन् ।

मंगलबार जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको आयोजना एवम् नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर चितवनको समन्वयमा भएको सडक दुर्घटना न्युनीकरण सम्बन्धी सचेतना अभिवृद्धि तथा छलफल कार्यक्रममा झल्लर, प्रेशर हर्न, फोकस लाइट हटाउने निर्णय गरी प्रतिबद्धतापत्रमा हस्ताक्षर गरिएको हो ।

बागमती प्रदेश प्रहरी कार्यालयको सहकार्यमा भएको कार्यक्रममा नारायणी यातायात व्यवसायी संघका महासचिव सरोज खनाल, नारायणी यातायात व्यवसायी कम्पनी प्रालिका कार्यकारी निर्देशक माधव अधिकारी, अटो तथा ईरिक्सा व्यवसायी संघका नवराज घिमिरे, सार्वजनिक यातायात प्रालिका उपाध्यक्ष रञ्जना बर्तौला, बुद्धिजीवि एवम् समाजसेवी सिद्धिलाल श्रेष्ठ, स्वरोजगार यातायात मजदुर संघका टेकप्रसाद न्यौपानेलगायतले प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका हुन् ।

कार्यक्रममा बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख अरुण पौडेलले उपत्यकाको तीन जिल्ला बाहेक १० वटै जिल्लालाई लक्षित गरी कार्यक्रम गरिएको बताएका छन् । सवारी साधनमा अनावश्यक रुपमा सजावट गर्ने गतिविधिलाई निरुसाहित गर्न प्रहरी निर्मम ढंगले अगाडि बढ्ने उनले बताए ।

कार्यक्रममा झल्लर, प्रेशर हर्न, फोकस लाइट सम्वन्धी छलफल र अन्तरक्रिया पनि भएको छ ।

कार्यक्रममा नेपाल प्रहरी शिक्षालय भरतपुरका प्रहरी बरिष्ठउपरीक्षक प्रभुप्रसाद ढकाल, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगरका प्रहरीउपरीक्षक नरेशराज सुवेदी, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख विश्वराज खड्का, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख बच्चुराम फुँयाल, पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाई, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीलगायतको उपस्थिति रहेको थियो । चालु आर्थिक वर्षको हालसम्म मकवानपुरमा ३ सय ६२ सवारी दुर्घटनाबाट ४५ जनाको मृत्यु भएको छ ।

# विपद्का लागि आवश्यक हामी तयारी अवस्थामा छौ: अध्यक्ष मुक्तान

साझाकुरा संवाददाता



हेटौंडा, २७ जेठ/कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले विभिन्न रोगव्यादीका साथै प्राकृतिक विपद्का लागि गाउँपालिका तयारी अवस्थामा रहेको बताएका छन् ।

विपति बाजाबजाएर नआउने बताउँदै आवश्यक तयारीका साथ बस्नुपर्ने उनले बताए । मंगलबार स्थानीय द्रुत प्रतिकार्य समिति र द्रुत प्रतिकार्य टोलीसम्बन्धी अन्तरक्रियाका साथै विपद् कन्टिजेन्सी योजना निर्माण कार्यक्रममा अध्यक्ष मुक्तानले मानिसमा लाग्ने विभिन्न रोग प्रकोपका विपद्सँगै पशुपन्छीमा लाग्ने रोगव्यादी र विपद्मा ध्यान दिएको बताए ।

विपद्का लागि आगामी नीति कार्यक्रममा विभिन्न कार्यक्रम समेट्ने गरी स्थानीय द्रुत प्रतिकार्य समितिमार्फत आवश्यक समन्वय र सहकार्य गरेर काम गरिने उनले बताए ।

'मौसम परिवर्तनको समय छ, मौसमी रोगको प्रकोप फैलिन सक्छ, सबै स्वास्थ्यकर्मी तयारी अवस्थामा रहनुस्' अध्यक्ष मुक्तानले भने । उनले गाउँपालिकामा प्रर्याप्त औषधि छन्, अपुग भएमा माथिल्लो निकायसँग समन्वय गर्न आग्रह गरेका छन् । त्यस्तै, गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले विपद्को अवस्थामा गाउँपालिका तयारी अवस्था रहने बताए । रोगव्यादी मात्रै नभई बाढीपहिरोको जोखिम रहने यस क्षेत्रमा विपद्को तयारी रहनुपर्ने बताए ।

कार्यक्रममा डब्लुएचओका प्रतिनिधि डा. सविता पौडेलले स्थानीय द्रुत प्रतिकार्य समिति र टोलीले गर्नुपर्ने निर्देशिका, विश्वमा घटेका विपद् तथा महामारी, नेपालमा देखिएका ५२ वटा संक्रमण रोग, सार्वजनिक महामारीका संकेत, कैलाशमा जंगली च्याउको प्रयोग र त्यसबाट हुने असर, रोग निगरानी तथा महामारी व्यवस्थापनको तयारीका विषयमा कार्यपत्र प्रस्तुत गरेकी थिइन् । जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरेले आरआरटी र आरआरसीको बारे जानकारी गराएका थिए । उनले तीन तहको सरकारमा स्थानीय द्रुत प्रतिकार्य समिति र टोली बनेको अवस्थामा महामारीको प्रकृति अनुसार समिति र टोलीको निर्माण हुने बताए ।

उनले समिति र टोलीको काम कर्तव्य र अधिकारबारे प्रष्ट पारेका थिए । गाउँपालिका अध्यक्ष मुक्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मल्ल, १० वडा अध्यक्ष सूर्यबहादुर ब्लोन, डब्लुएचओका प्रतिनिधि डा. पौडेल, जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत घिमिरे, गाउँपालिका स्वास्थ्य शाखाप्रमुख कृष्ण यादवलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा गाउँपालिकाको वडाका स्वास्थ्यचौकीका कार्यरत स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो ।

# सामुदायिक वनमा देखिएका समस्यामा बृहत छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/थाहा नगरपालिकामा रहेका सामुदायिक वनमा देखिएका समस्या र तिनको समाधानका विषयमा सरोकारवालाबीच वृहतरुपमा छलफल गरिएको छ ।

थाहा नगरको आर्थिक सहयोग तथा सामुदायिक वन उपभोक्ता महासंघ थाहाको आयोजनामा सामुदायिक वन सम्बन्धी अभिमुखीकरण आयोजना गरी सामुदायिक वनमा देखिएका समस्याबारे छलफल गरी समाधानका उपाय खोजिएको महासंघ थाहाका सचिव भवानी प्रधानले जानकारी दिएकी छन् । अभिमुखीकरणमा थाहा नगरमा रहेका सामुदायिक वन उपभोक्ता समितिबाट करिव ९० जनाले सहभागिता जनाएका थिए । अभिमुखीकरणमा वनका प्रतिनिधिलाई वन व्यवस्थापन, सामुदायिक वनमा देखापरेका समस्या, सामुदायिक वनमा पर्यटन प्रवर्द्धन, वनसम्वन्धी नीतिनियम र कानुनी विषयमा जानकारी गराइएको महासंघ थाहाका अध्यक्ष गणेशमान श्रेष्ठले बताए ।

कार्यक्रममा थाहा नगरका वन तथा वातावरण समिति संयोजक हिरेन्द्रकुमार रायमाझीले नगर पालिकाले सामुदायिक वन संरक्षण र पानीका मुहान संरक्षणको क्षेत्रका काम गर्दै आएको जानकारी दिएका छन् । उनले संघीय सरकार र प्रदेश सरकारको वनसम्बन्धी ऐनमा एकरुपता नहुँदा सामुदायिक वनले उठाएका कतिपय विषयलाई सम्बोधन गर्न स्थानीय तहलाई समस्या भएको बताएका छन् ।

कार्यक्रममा डिभिजन वन कार्यालय राप्तीका प्रमुख हेमबहादुर थापाले वन संरक्षणमा सबैको दायित्व बराबर रहेकोले जनप्रतिनिधि, स्थानीय समिति, कर्मचारी सबैले हातेमालो गरेको खण्डमा वनको संरक्षण आफैं हुने बताए । स्थानीय महासंघका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा थाहा नगर वन तथा वातावरण समिति संयोजक रायमाझी, सामुदायिक वन उपभोक्ता महासंघका जिल्ला अध्यक्ष साधुराम चौलागाईं, जिल्ला कोषाध्यक्ष बलराम अधिकारी, राप्ती डिभिजन वन कार्यालयप्रमुख थापाले मन्तव्य राखेका थिए ।

# प्रदेश सरकारको लगानीमा चितवनमा पशुका लागि नमुना अस्पताल

साझाकुरा संवाददाता

हेटौंडा, २७ जेठ/ बागमती प्रदेश सरकारको लगानीमा चितवनको भरतपुरमा पशुपंक्षीका लागि विशिष्टीकृत सेवा दिने उद्देश्यले अस्पताल निर्माण भएको छ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको लगानीमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण गरिएको हो । सबै प्रजातिका पशुचौपाय, पंक्षीको आधुनिक उपचार गर्ने गरी अस्पताल निर्माण कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका प्रवक्ता सुरज कँडेलले जानकारी दिए । अस्पताल निर्माण पूरा भएपनि अन्तिमचरणको काम बाँकी रहेको उनले बताए । मन्त्रालयका पशुपंक्षी विकास महाशाखा प्रमुख डा. रामप्रकाश प्रधानले प्रदेशकै नमुना अस्पताल भएकाले यसको महत्व अलग्गै रहेको बताए ।

यस अस्पतालबाट विशिष्टीकृत सेवा दिने गरिन्छ । पशुचौपाया, पन्छीको रगत परीक्षण, एक्सरे, भिडियो एक्सरे, छालाको परीक्षण, गोबर परीक्षण, गर्भ परीक्षण, बिरामी पशुको एन्टिबायोटिक परीक्षण गरेर उपयुक्त एन्टिबायोटिक औषधि दिने विधिलगायत धेरै सुविधा प्रदान गर्ने गरी अस्पताल निर्माण भएको उनले बताए । यस किसिमको सेवा दिने गरी प्रदेशमा कुनै अस्पताल निर्माण भएको छैन । भवन निर्माण पूरा भएको भएपनि केही सामग्री जडान गर्नुपर्ने र अन्य प्राविधिक काम बाँकी रहेकाले आउँदो आर्थिक वर्षबाट मात्र सञ्चालन गर्ने तयारी गरेको छ ।

मन्त्रालयका सचिव वैकुण्ठ अधिकारीले आउँदो आवबाट सञ्चालनको तयारी गरिएको जानकारी दिए । 'हामीले यो अस्पताललाई मन्त्रालयको गौरवको योजनाकारुपमा लिएका छौं,' उनले भने, 'यस अस्पताल सञ्चालन भएपछि यस क्षेत्रका किसानले धेरै सुविधा पाउनेछन् ।' पशुसेवा कार्यालयका प्रमुख सुशील केसीले आधुनिक सेवा दिनेगरी निर्माण भएको अस्पतालले धेरै सुविधा दिने बताए ।

# बालेनको कान्स भ्रमणबारे अख्तियारले गरिरहेको छ छानबिन



काठमाडौं/काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले फ्रान्सको पेरिसमा भएको ७७औं कान्स फिल्म फेस्टिभलमा गरेको भ्रमणबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ ।

आयोग स्रोतका अनुसार, मेयर र उनका सचिवालयका सदस्यको वैदेशिक भ्रमणका क्रममा भएको खर्चबारे प्रश्न उठाउँदै उजुरी पर पछि यसबारे प्रारम्भिक छानबिन गरिएको थियो । त्यसक्रममा थप कैफियत देखिएपछि अनुसन्धान अघि बढाइएको आयोगका एक अधिकारीले संचारकर्मीलाई बताए ।

महालेखा परीक्षकको प्रतिवेदन २०८२ मा समेत काठमाडौं महानगरले भ्रमण खर्चवापत ५२ लाख ५४ हजार ७७ रुपैयाँ बराबर खर्च गरेको देखिएको भन्दै अधिकांश भुक्तानी नियमसंगत नभएको उल्लेख गरेको थियो । स्थानीय तहका कर्मचारीहरूको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ अनुसार कर्मचारीको विदेश भ्रमणका लागि राजपत्रांकित विशिष्ट श्रेणी र प्रथम श्रेणीबोहक अन्यको हकमा संघीय मामिला तथा प्रशासन मन्त्रालयको सचिवले मनोनयन गर्ने व्यवस्था छ ।

तर, त्यसविपरित पदाधिकारी र कर्मचारी वैदेशिक भ्रमणमा भएको प्रतिवेदनमा उल्लेख थियो । 'यो विषयमा हामीले पहिल्यैबाट छानबिन गरिरहेका थियौं', ती अधिकारीले भने, 'केही कैफियत देखिएपछि बुझ्नुपर्ने भएकाले बयानका लागि समेत केहीलाई बोलाएका छौं ।'

स्रोतका अनुसार, आयोगले बयानका लागि महानगरका सल्लाहकार सुनिल लम्साल र कुमार ब्यन्जनकार (बेन) लाई बोलाएको छ । लम्साल ब्राजिलमा भएको एक बैठकमा सहभागी हुन गएका बेलाको हवाई खर्च भुक्तानीमा महालेखाले प्रश्न उठाएको थियो ।

कुमार बेन चाहिँ मेयर शाहसँगै ३१ वैशाख २०८१ मा विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलमा सहभागी हुने गएका थिए । कान्सका मेयर डेभिड लिसनार्डको निम्तोमा उनी त्यहाँ गएको मेयर शाहको सचिवालयले जनाएको थियो ।

आयोगका एक अधिकारीले भने तत्काललाई यो विषय मुद्दा चल्ने किमिसको नदेखिए पनि उनीहरुको बयानले थप विषयहरु निर्धारण गर्ने बताए । 'कतिपय विषय रकम फिर्ता गर्ने कुरासँग पनि जोडिएलान्, थप छानबिन चलिरहेकै छ', ती अधिकारीले संचारकर्मीसँग भने ।

*(स्रोत: अनलाइनखबर)*

# आर्थिक गतिविधि थुनिँदा अर्थतन्त्रका सबै सूचक उकासिए

काठमाडौं/आर्थिक गतिविधि विस्तार नभएपछि अर्थतन्त्रका सबै सूचकमा उच्च सुधार देखिएको छ । समग्र बजार मा माग बढ्न नसक्दा पनि त्यसको सकारात्मक प्रभाव अर्थतन्त्रमा देखिएको हो ।

समग्र बजारमा माग बढाउन बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाको योगदान उच्च हुन्छ । बैंक तथा वित्तीय संस्थामा अधिक तरलता र न्यून ब्याजदर भएको अवस्थामा समेत कर्जाको माग बढ्न सकेको छैन । त्यसको पछिल्लो उदाहरण करिब ४ खर्ब रुपैयाँ बैंक तथा वित्तीय संस्थाले ३ प्रतिशतभन्दा कम ब्याजदरमा राष्ट्र बैंकमा राखेका छन् ।

गत वर्षको तुलनामा बैंक तथा वित्तीय संस्थाले निजी क्षेत्रमा प्रवाह गरेको कर्जा ७.३ प्रतिशतले बढेको छ । राष्ट्र बैंकको तथ्यांक अनुसार चालु आव वैशाखसम्म बैंकहरूको औसत कर्जाको ब्याजदर ८ प्रतिशत मात्रै छ । त्यसैगरी रेमिट्यान्स आप्रवाह १३ प्रतिशतले बढेर १३ खर्ब ५६ अर्ब पुगेको छ । यो अवधिमा शोधनान्तर स्थिति ४ खर्ब ३८ अर्ब ५२ करोडले बचतमा छ । चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा कुल वस्तु निर्यात ७२.७ प्रतिशतले वृद्धि भई २ खर्ब १७ अर्ब ९१ करोड पुगेको छ ।

त्यस्तै उक्त अवधिमा कुल वस्तु आयात १३.१ प्रतिशतले वृद्धि भई १४ खर्ब ७४ अर्ब १९ करोड पुगेको केन्द्रीय बैंकले जनाएको छ । त्यसो त केन्द्रीय बैंकले चालु आवको सोही अवधिको मूल्यवृद्धि हालसम्मकै न्यून २.७७ प्रतिशत रहेको जनाएको छ । गत वर्षको तुलनामा आर्थिक गतिविधिमा सुधार आएको राष्ट्र बैंक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले बताए ।

'गत वर्ष ३.४ प्रतिशत रहेको आर्थिक वृद्धि अहिले ४.६ हुने अनुमान छ,' खरेलले भने, 'त्रैमासिक जीडीपीमा सबै क्षेत्रमा गत वर्षको तुलनामा गतिविधि बढेको छ । आयात बढेको छ । यसको अर्थ उपभोग बढ्न थालेको भन्ने बुझिन्छ ।' चालु आव चालु पूँजी कर्जा तथा कूल कर्जा बढेको उनले बताए । सरकारको पूँजीगत खर्च गत वर्षै पनि बढेको खरेलको भनाइ छ । आर्थिक क्रियाकलाप गत सालभन्दा बढेको उनको दाबी छ । तर, चाहेजति बढ्न नसकेको उनको भनाइ छ ।

'चालु पुँजी कर्जा मार्गदर्शन ल्याएका कारण जेमा कर्जा जाने हो त्यसको सदुपयोग होस् भनेर हो', खरेलले भने, 'अहिले अर्थतन्त्रमा क्रमिक सुधार भएर ठूलो मात्रामा कर्जा नगएको विगतमा पैसा लिने जेमा पनि खर्च गर्ने अवस्था नभएकाले कर्जाको पनि मागमा कमी आएको हुन सक्छ । आवश्यक परेको मान्छेले विधि र प्रक्रिया पूरा गरेर कर्जा पाइराखेका छन् ।' तर, सरकार तथा निजी क्षेत्र सक्रिय हुन नसक्दा आर्थिक गतिविधिमा सुधार आउन नसकेको राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले बताए ।

'निजी क्षेत्र अझै पनि हिजोको डरबाट बाहिर आइसकेको छैन', श्रेष्ठले भने, 'सरकारको वित्त नीति पनि परम्परागत शैलीमा अघि बढिरहेको छ । बजेट विस्तारित भए पनि सोही अनुसार कार्यान्वयन हुन नसक्दा पनि समस्या आएको छ ।' अर्थतन्त्र समान्य र दबाबमा हुँदा आउने बजेट एउटै खालको भएकाले पनि आर्थिक गतिविधि विस्तार हुन जटिलता बढेको उनको भनाइ छ । सरकारले माग बढाउन सकेको छैन भने निजी क्षेत्रले पनि लगानी गर्न नसकेको श्रेष्ठ बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं।

जन्म दर्ता किन गर्ने ?




हेटौंडा उपमहानगरपालिका
१८ नं. वडा कार्यालय
हर्नामाडी, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना